# सञ्चय कोष
Newsletter

विशेष अंक सुरक्षित भविष्यको लागि सञ्चय कोष | वर्ष ४ | अंक १८ | २०७४ भाद्र ३१ |

## कोषको कार्यवाहक प्रशासकमा दीपक रौनियार नियुक्त



कर्मचारी सञ्चय कोषको कार्यवाहक प्रशासकको जिम्मेवारी का.मु. मुख्य अधिकृत दीपक रौनियारले सम्हाल्नुभएको छ। नेपाल सरकार अर्थमन्त्रीस्तरको मिति २०७४/०५/२३ को निर्णयानुसार रौनियार नियुक्त हुनुभएको हो। समाचार पृष्ठ २ मा

**"सबैका लागि पर्याप्त सामाजिक सुरक्षा"**

# सञ्चय कोष ५५ वर्ष पुरा गरी ५६ वर्षमा प्रवेश

## कोषद्वारा करिव २५४ अर्ब परिचालन

कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०७२/७३ को बचतबाट सञ्चयकर्तालाई आर्थिक वर्ष २०७३/७४ मा १२७.९२ करोड मूनाफा प्रदान गर्ने र सञ्चयकर्ता हाईड्रोपावर निर्माण गरी सञ्चयकर्ताको शेयर लगानी सुनिश्चित हुने व्यवस्था गर्ने नीतिगत निर्णय गरेको छ।

राष्ट्र सेवामा रहेका राष्ट्र सेवकहरुको आर्थिक भविष्य सुरक्षित बनाउने उद्देश्यले वि.स.२०१९ सालमा स्थापित कर्मचारी सञ्चय कोष आज ५५ वर्ष पुरा गरी ५६ वर्षमा प्रवेश गरेको छ।

कोषले हाल निजामति, जंगी र प्रहरी सेवातर्फका कर्मचारीहरुका साथै शिक्षक, सार्वजनिक संस्थान तथा नीजि प्रतिष्ठानका कर्मचारीहरु समेत गरी ५ लाख ५० हजार भन्दा बढी सञ्चयकर्ताको सञ्चय कोष रकमको व्यवस्थापन गर्नुको साथै करिव २५३ अर्ब ९८ करोड परिचालन गरिरहेको छ। हाल कोषले सञ्चित कोषमा ८.०० प्रतिशत व्याज प्रदान गर्दै आएको छ।

कोषले आर्जन गरेको प्रत्येक वर्षको मुनाफाको करिव ९५ प्रतिशत रकम सञ्चयकर्ताको हितको लागि खडा गरिएका विभिन्न कोषहरुमा जम्मा गरी सामाजिक सुरक्षा सुविधाहरु प्रदान गर्दै आएको छ, भने, आर्थिक वर्ष २०७२/७३ को शुरु सञ्चय कोष मौज्दातको आधारमा सञ्चयकर्तालाई ०.६५ प्रतिशत मुनाफा सञ्चयकर्ताको खातामा छुट्टै लेखांकन गरी सञ्चयकर्ताको ४० प्रतिशत शेयर लगानी सुनिश्चित हुने गरी कर्मचारी सञ्चय कोष, विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनीद्वारा प्रवर्द्धित बेतन कणाली सञ्चयकर्ता हाईड्रोपावर कम्पनी स्थापना गरेको छ।

*बाँकी पृष्ठ १२ मा।*

**अध्यक्षको शुभकामना**

## 'सामाजिक सुरक्षणतर्फ कोषको योजना केन्द्रित हुने'



कर्मचारी सञ्चय कोषका अध्यक्ष शिशिरकुमार ढुंगानाले कर्मचारी सञ्चय कोष ५५ वर्ष पूरा गरी ५६ वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण सञ्चयकर्ता एवं कोष परिवारलाई शुभकामना दिनु भएको छ।

कर्मचारी सञ्चय कोष ऐन सहित विधिवत रुपमा २०१९ साल भाद्र ३१ गते स्थापित कर्मचारी सञ्चय कोष आज ५५ वर्ष पूरा गरी ५६ वर्षमा प्रवेश गरेको छ। राष्ट्रका पहरेदार सिपाहीहरु सेवाको उत्तरार्द्धतिर खाली हात घर फर्कन नपरोस् भन्ने कल्याणकारी उद्देश्य राखी श्री ३ जुद्ध शमशेरद्वारा वि.सं. १९९१ सालमा सैनिक द्रव्य कोषको रुपमा स्थापित ट्रष्टि संस्थाको विकसित रुप नै आजको कर्मचारी सञ्चय कोष हो।

अध्यक्ष ढुंगानाले झण्डै साढे दुई खर्व राशी संकलित रहेको सञ्चय कोष राष्ट्रिय स्तरमा स्थापित भै उच्च आर्थिक हैसियत राख्ने स्वदेशको एकमात्र सेवामूलक वित्तीय संस्था भएको बताउँदै शुभकामना मन्तव्यमा उत्पादनशील, प्रतिफलयुक्त, उच्च आय सम्भावना, सुरक्षित र पारदर्शी लगानीको पहिचान गर्दै कोषको श्रोत परिचालनमार्फत प्राप्त आर्थिक राशिलाई मुलुकको हित सहित सञ्चयकर्ताकै सामाजिक सुरक्षण र आर्थिक भलाईतर्फ जोड दिंदै जाने कोषको दीर्घकालीन सोच रहेको बताउनु भएको छ।

*बाँकी पृष्ठ ९ मा।*

***कर्मचारी सञ्चय कोष स्थापनाको ५६औं वर्ष प्रवेशको अवसरमा हामी हाम्रा समस्त सञ्चयकर्ताहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं। साथै सञ्चयकर्ताको सन्तुष्टिप्रति सदाझैं दृढ रहने संकल्प सहित कोषले प्रदान गर्ने सेवा र सुविधालाई प्रभावकारी बनाउने प्रण गर्दछौं।***

## सम्पादकीय

आम सञ्चयकर्ताको सेवामा निरन्तर कृत संकल्पित कर्मचारी सञ्चय कोष आज ५६ वर्षको संघारमा प्रवेश गरेको छ । देश र जनताको लागि आफ्नो उर्जाशील समय र सीप समर्पण गर्ने राष्ट्र सेवकहरूको आर्थिक भविष्य सुरक्षित बनाउने उद्देश्यका साथ वि.सं. २०१९ भाद्र ३१ मा यसले औपचारिक रूप धारण गरेको हो । तत्कालीन सैनिक द्रव्य कोषको दायित्व प्राप्ति सहित २६ हजार सञ्चयकर्ताको ३७ लाखको सानो पूँजीबाट शुरूवात भएको कोष हाल करिब साढे पाँच लाख सञ्चयकर्ताको करिब साढे दुई खर्वको स्रोत सहितको अग्रणी सामाजिक सुरक्षण संस्थाको पहिचान राख्न सफल हुनु गौरवको विषय हो ।

हाल कोषले मूलुकका विभिन्न ११ स्थानबाट सामाजिक सुरक्षा एवं सापटी सुविधा सहित ९ प्रकारका योजना र ६ भन्दा बढी अनलाइन सुविधाहरू सञ्चयकर्ताप्रति समर्पित गरेको छ । उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, कार्यसम्पादनमा गुणस्तरीयता, शीघ्रता एवं पारदर्शीता जस्ता मूल्य मान्यताहरू कोषको सेवालाई थप प्रभावकारी र जनमुखी बनाउने आधारहरू हुन् । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को पछिल्लो संशोधनसँगै गुणस्तरीय सामाजिक सुरक्षाका नवीनतम योजनाहरूको माध्यमबाट आमसञ्चयकर्ताको सन्तुष्टि अभिवृद्धि गर्ने मार्ग समेत विस्तार भएको छ । यस कार्यसँगै असंगठित क्षेत्रमा कार्यरत, स्वरोजगारमा संलग्न एवं वैदेशिक रोजगारमा रहेका श्रमिक समेतलाई कोषको सञ्जालमा आबद्ध गर्ने प्रक्रिया समेत शुरू भैसकेको छ भने आम सञ्चयकर्ताको सुनिश्चित भविष्यको लागि पेन्सन योजना समेत कोषको प्राथमिकतामा रहेको छ ।

एकातिर कोषले सञ्चयकर्तालाई वित्तीय सेवा एवम् सामाजिक सुरक्षाका सुविधाहरूको सुनिश्चितता गरेको छ भने अर्कोतर्फ उपलब्ध स्रोतलाई औद्योगिक र पूर्वाधार विकासको क्षेत्रमा उपयोग गर्दै मूलुकको आर्थिक विकासमा योगदान गर्दै आइरहेको छ । सामाजिक-आर्थिक रूपान्तरणको चरणमा रहेको वर्तमान सन्दर्भमा सञ्चयकर्तासँगै मूलुकको वृहत्तर सम्वृद्धिको लागि कोषले नेतृत्वदायी भूमिकालाई थप विस्तार गर्ने नै छ । अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्थाहरूसँगको सहकार्य एवं व्यवस्थापकीय समन्वयको माध्यमबाट मूलुक रूपान्तरणको यस अवसरलाई कोषले कौशलतापूर्वक उपयोग गर्ने कुरामा कुनै शंका छैन ।

अन्तमा, सीमित स्रोत र व्यापक चुनौतीका साथ शिलान्यास भएको कोषलाई वर्तमान अवस्थामासम्म ल्याइपुऱ्याउन आ-आफ्नो उर्जाशील समय खर्चिनुहुने अग्रजहरू, कोषलाई भरोशा गरिदिनुहुने आमसञ्चयकर्ता एवं शुभेच्छुक र सरोकारवालाप्रति हार्दिक आभार प्रकट गर्दछौं । साथै सञ्चयकर्ताको रगत पसीनाको कमाईबाट सिञ्चित कोषको बचतलाई थप उत्पादनशील एवं प्रतिफलमुखी क्षेत्रमा सचेततापूर्वक परिचालन गर्दै सञ्चयकर्ताको अधिकतम हित प्रबर्द्धन गर्ने पवित्र उद्देश्यमा निष्ठापूर्वक अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं ।

## कोषको कार्यवाहक प्रशासकमा दीपक रौनियार



कर्मचारी सञ्चय कोषमा प्रशासकको जिम्मेवारी का.मु.मुख्य अधिकृत दीपक रौनियारले सम्हाल्नुभएको छ। नेपाल सरकार, अर्थमन्त्रीस्तरको मिति २०७४/०५/२३ को निर्णयानुसार रौनियारलाई उक्त जिम्मेवारी दिइएको हो।

नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको मिति २०७४/०५/२५ को पत्रानुसार रौनियारले कोषको कार्यवाहक प्रशासकको जिम्मेवारी सम्हाल्नु भएको हो । "नेपाल सरकार, माननीय अर्थमन्त्रीस्तरको निर्णयानुसार कर्मचारी सञ्चय कोषमा रिक्त रहेको प्रशासक नियुक्ति नभएसम्म दैनिक कार्य सञ्चालन गर्न (कुनै कार्य नरोकिने गरी) यहाँलाई जिम्मेवारी प्रदान गरिएको" व्यहोरा पत्रमा उल्लेख छ। सोही अनुसार रौनियारले भाद्र २५ मै कार्यभार ग्रहण गरिसक्नु भएको छ।

यसै बीच कार्यवाहक प्रशासक रौनियारले अन्तरिम समयको व्यवस्थापनको जिम्मेवारी पाएता पनि त्यसलाई कोषको हितको लागि उच्चतम उपयोग गर्ने कुरा बताउनु भएको छ। आमजनमानसमा कोषको छविलाई उच्च राख्न आँफू कटिबद्ध हुने उल्लेख गर्नुभएको छ। पदभार ग्रहण समारोहलाई सम्बोधन गर्दै उहाँले नेपाल सरकार, सञ्चालक समिति, आम सञ्चयकर्ता एवं कोषका कर्मचारीहरुमा साथ र सहयोगको अपेक्षा सहित धन्यवाद व्यक्त गर्नु भएको छ।

यस्तै समारोहलाई सम्वोधन गर्दै कोषका का.मु.मुख्य अधिकृत राजेन्द्र काफ्लेले संस्थाको अग्रगतीको लागि मुख्य अधिकृतको हैसियतले सदा साथ, सहकार्य एवं सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ। कार्यक्रममा कोषका कार्यरत कर्मचारी संगठनका प्रतिनिधिहरुले शुभकामना दिएका थिए। उनीहरुले कोषका आन्तरिक व्यवस्थापन, लगानी, दायरा विस्तार, ऐनको कार्यान्वयन लगायतका विद्यमान मुद्दाहरुमा कार्यवाहक प्रशासकले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने विचार व्यक्त गरेका थिए।

कोषमा २०५२/०१/१८ मा सिष्टम मेनेजर प्राविधिक तह ८ बाट सेवा शुरु गर्नुभएका श्री रौनियारले तह ९ को सिनियर सिष्टम मेनेजर, तह १० को नायव मुख्य अधिकृत तथा तह ११ को का.मु.मुख्य अधिकृतको जिम्मेवारी बहन गरीसक्नुभएको छ। साथै उहाँले मिति २०६९/०७/२३ देखि २०७३/०७/२२ सम्म जलविद्युत लगानी तथा विकास कं. लि. मा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी समेत निर्वाह गर्नुभएको छ।

रौनियार बंगलादेश युनिभर्सिटी अफ इञ्जिनियरिङ्ग एण्ड टेक्नोलोजी ढाकाबाट बि.एस्.सी. इञ्जिनियरिङ्ग (कम्प्युटर साइन्स एण्ड इञ्जिनियर), मोनास युनिभर्सिटी, अष्ट्रेलियाबाट मास्टर अफ कम्प्युटिङ्ग (रिसर्च) उपाधिका साथै पोखरा विश्वविद्यालयबाट मास्टर अफ बिजिनेस एडमिनिष्ट्रेशन (एक्जुकेटिभ) योग्यता प्राप्त व्यक्तित्व हुनुहुन्छ। उहाँले सूचना प्रविधि तथा मझौला एवं ठूला जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापनमा लामो अनुभव प्राप्त गर्नुभएको छ।

# कोषको मुनाफा सञ्चयकर्ता हाइड्रोमा

## जलविद्युत विकासमा कर्मचारी सञ्चय कोषको महत्वपूर्ण निर्णय



कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताको 'लिड' शेयर हुने गरी जलविद्युत विकास आयोजना निर्माणको योजना बनाएको छ।

उर्जा र अर्थ मन्त्रालयसँग पटक पटक भएको छलफल र कोष सञ्चालक समितिले गत ७ माघमा गरेको नीतिगत निर्णयपछि कोष विद्युत आयोजना विकास र निर्माणको निर्णयमा पुगेको हो।

कोषको हालै संशोधित ऐनले पूर्वाधारमा लगानी गर्ने बाटो खुला गरेपछि सञ्चयकर्तालाई मालिक बनाउने गरी गरिएको जलविद्युत आयोजना निर्माणको तयारीलाई महत्वपूर्ण निर्णय मानिएको छ।

कोषले कुन चाहिँ परियोजनामा लगानी गर्ने भन्ने विषयमा निर्णय भई नसके पनि सम्भावित परियोजनाका हकमा ४ सय मेगावाटको तल्लो अरुण, माथिल्लो अरुण परियोजनाको शेयरमा लगानी बाहेक चारदेखि पाँचसय मेगावाटको छुट्टै परियोजनालाई समेत विकल्पका रुपमा हेरिएको छ। कोषले बर्षभरि कमाएको नाफाको ९५ प्रतिशत रकम सञ्चयकर्ताको हितमा उपयोग हुने जगेडा कोषहरुमा जम्मा गरी सञ्चयकर्ताको आर्थिक वर्षको शुरुको सञ्चित मौज्दातमा सञ्चालक समितिले तोके बमोजिम निश्चित दरमा समानुपातिक रुपमा मुनाफा वितरण गर्ने प्रचलन रहेको छ।

तर, सो प्रचलनमा सुधार गरी सञ्चयकर्ताको दीर्घकालीन हितमा जलविद्युत उत्पादन परियोजनाको शेयरमा लगानी गरी सञ्चयकर्तालाई शेयरमार्फत प्रतिफल उपलब्ध गराउने कोषको उद्देश्य रहेको छ। यसका लागि आर्थिक वर्ष ०७२/७३ को सञ्चयकर्ताको शुरु मौज्दातमा ०.६५ प्रतिशतका दरले वितरण गर्ने मुनाफा जलविद्युत उत्पादन परियोजनाको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ताको छुट्टै व्यक्तिगत खातामा लेखांकन गरिएकोछ।

यस मुनाफा रकममा कोषकट्टी रकममा सञ्चयकर्ताले पाए सरहको व्याज लगायतका सुविधा प्रदान गरिने छ र यस विषयमा आवश्यक नीति, कार्यविधिको तर्जुमा एवं नेपाल सरकारको स्वीकृति सम्बन्धी प्रक्रिया पुरा भएपछि उक्त रकमलाई जलविद्युत उत्पादन परियोजनाको शेयर लगानीमा रुपान्तरण गरिने छ।

यसरी जलविद्युत आयोजनाको लागि बन्न आउने बिउ पूँजी गत आर्थिक बर्षको मुनाफाको आधारमा करिब एक अर्ब २८ करोड रुपैयाँ रहेको छ। गत आर्थिक वर्षमा कोषले करिब एक अर्ब ६० करोड रुपैयाँ मुनाफा गरेको थियो।

अहिले सरकारले कुनै परियोजना उपलब्ध गराए त्यसको पूर्व तयारीमै तीनदेखि चार बर्ष लाग्ने हुँदा निर्माण सुरु हुँदासम्म आवश्यक लगानी रकम संकलन भैसक्ने कोषको अनुमान छ।

संस्थापकमा सञ्चय कोष र अन्य निकाय भए पनि अधिकांश शेयर भने सञ्चयकर्ताकै हुने र सर्वसाधारणलाई छुट्याइने २५ प्रतिशत शेयरमध्ये १० प्रतिशत आयोजना प्रभावितले पनि पाउने गरी व्यवस्था मिलाउने कोषको तयारी छ। सञ्चयकर्ताले लाभांश बापत पाउन लागेको रकम परियोजनामा लगानी हुने हुँदा उनीहरुको नाममा सूचना निकालेर सल्लाह सुझाव लिने प्रक्रिया समेत कोषले प्रारम्भ गरिसकेको छ। यदि कसैले सेवा निवृत्त भएर जाँदा आफूलाई शेयर होइन आजसम्म ब्याज, लाभांश लगायत जम्मा भएको सबै पैसा नगदमै चाहेमा पनि उनीहरुको शेयर खरिद गरेर पैसा दिने कार्यविधिमा समेत काम भइरहेको कोषले जनाएको छ। कर्जा प्रदायकका रुपमा कोष संलग्न माथिल्लो तामाकोशी जलविद्युत आयोजनामा सञ्चयकर्ताले ५० कित्तादेखि २ सय ९३ कित्तासम्म शेयर पाएका थिए।

# सञ्चय कोषले पेन्सन सेवा सुरु गर्ने




तस्वीर : निरञ्जनकुमार भट्टराई

कर्मचारी सञ्चय कोषले अब पेन्सन सेवा पनि सुरु गर्ने भएको छ। सञ्चय कोष ऐनको पछिलो संशोधनले दिएको अवसरसँगै पेन्सन सेवा सुरु गर्ने तयारी कोषले गरेको हो।

पेन्सन सेवा सुरु गर्न कोरियाको नेशनल पेन्सन सर्भिस (एनपिएस) सँग भएको सम्झौतामा कोषका तर्फबाट तत्कालिन प्रशासक कृष्णप्रसाद आचार्यले २०७४ जेष्ठमा हस्ताक्षर गर्नु भएको थियो । एनपिएसले पेन्सन सेवा सञ्चालनका लागि कोषका लागि निशुल्क प्राविधिक सेवा दिने छ। सम्झौता अनुसार एनपिएसले विज्ञ सम्मिलित टोली पठाएर सञ्चय कोषको सूचना प्रविधि देखि कर्मचारीको क्षमता अभिबृद्धिसम्म सहयोग गर्ने छ । सञ्चयकर्ताले सेवाको उत्तरार्द्धमा सञ्चय कोष एकमुष्ट भुक्तानी प्राप्त गर्छन भने पेन्सन समान दरले मासिक रुपमा उपलब्ध गराउनु पर्ने हुन्छ।

एनपिएस ३० बर्ष अघि स्थापना भएको सामाजिक सुरक्षा प्रदायक संस्था हो । कोरिया सरकारको समेत लगानी रहेको स्वायत्त संस्था एनपिएस विश्वको पाँचौँ ठूलो पेन्सन सेवा प्रदायक पनि हो।

पेन्सन वितरणका लागि आवश्यक सिष्टम विकास गर्न एनपिएससँगको सहयोग महत्वपूर्ण हुने कोषको ठम्याई छ । सार्वजनिक वा निजी क्षेत्रका लागि पेन्सन स्किम चाडै सुरु गर्ने कोषको तयारी छ। पेन्सनमा सहभागी हुन चाहने प्रत्येक कर्मचारीले हरेक महिना कोषमा रकम जम्मा गर्दै जाने छन, र निश्चित समय पछि तोकिएको ढाँचामा कोषले पेन्सन उपलब्ध गराउन थाल्नेछन्।

अधिकांश विकसित देशमा पनि यही प्रणाली लागु छ। कोरियाको एनपिएसले पनि ३० बर्ष अघि यहि प्रणाली सुरु गरेको थियो। अहिले त्यहाँको निजी क्षेत्रमा कार्यरत ठुलो हिस्सा एनपिएसमा आवद्ध छन्।

## एनपीएस र कोषबीच छलफल

कोरियामा कार्यरत नेपाली र कोरियामा कार्यरत कोरियालीलाई स्थानीय नीति नियम अनुसार एकै प्रकारको सामाजिक सुरक्षा सुविधा प्रदान गर्ने बारे समेत कोष र एनपिएसबीच छलफल भएको छ। तर, यसका लागि कानुनी आधार तयार भइ नसकेको हुँदा ठोस टुङ्गो भने लागेको छैन।

यस सम्बन्धि कानुन बने कोरियामा कार्यरत नेपालीहरुले त्यहाँको सामाजिक सुरक्षा सुविधा नीति अनुरुप सेवा सुविधा पाउनेछन्। साथै नेपालले पनि यहाँ कार्यरत कोरियाली नागरिकलाई सामाजिक सुरक्षा सुविधा प्रदान गर्नु पर्ने हुन्छ। नेपालमा कार्यरत कोरियालीको तुलनामा कोरियामा काम गर्ने नेपाली संख्या ठुलो रहेको हुँदा यो प्रावधान लागु भए नेपाललाई नै फाइदा हुने कोषको बुझाई छ।

## वैदेशिक रोजगारीमा गएकालाई पनि सञ्चय कोषमा आबद्ध गराइने

वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सञ्चय कोषमा आबद्ध गराउनेबारे पनि कोरियास्थित नेपाली राजदूत अर्जुनबहादुर सिंहसँग छलफल भएको कोषले जनाएको छ । कोषले श्रम सहचारीसँग समन्वय गर्ने गरी एक जना कर्मचारी राजदूताबासमा राख्ने र उसले त्यहाँ कार्यरत सबै नेपालीलाई सञ्चय कोषको दायरामा समेट्ने मोडालिटीबारे राजदूत सिंहसँग छलफल भएको थियो।

# कोष र निगमबीच ऋण सम्झौता

कर्मचारी सञ्चय कोष र वायुसेवा निगमबीच वाइडबडी जहाज किन्ने ऋण सम्झौतामा हस्ताक्षर भएको छ। सम्झौता अनुसार कोषले निगमलाई १२ अर्ब रुपैयाँ ऋण प्रदान गर्ने छ।

कोषले निगमलाई सरकारको जमानीमा ऋण दिने गरी सम्झौता गरेको हो। ऋणको अवधि १५ वर्षको हुनेछ। कोषले हाललाई ९ प्रतिशत ब्याजदरमा ऋण दिएको हो, तर सञ्चय कोषसँगको सम्झौतामा आफ्ना सञ्चयकर्तालाई दिइने व्याजदरमा बृद्धि भएमा सोही अनुसार ब्याजदर कायम रहने उल्लेख छ।

सम्झौतामा कोषका तर्फबाट तत्कालीन निमित्त प्रशासक दीपक रौनियार र निगमका तर्फबाट महाप्रबन्धक सुगतरत्न कंशाकारले हस्ताक्षर गर्नु भएको थियो। सुरुवातमा निगमले कोषबाट ४ अर्ब १९ करोड २८ लाख ऋण प्राप्त गरेको छ।

निगमले दुई थान वाइड बडी विमान २१ अर्ब ९० करोड रूपैयाँमा खरिद गर्ने गरी सम्झौता भएको बताइएको छ। नेपालको उड्डयन इतिहासमा नै यति ठूलो रकम खर्चेर एकैपटक विमान खरिद गर्न लागिएको यो पहिलोपटक हो। नयाँ एयरबस २८० सिट क्षमताको हुनेछ। जसमा १६ वटा बिजनेश क्लासका सिट क्षमताका हुनेछन्।

निगमका अनुसार यी जहाज नेपाल आएपछि राष्ट्रिय ध्वजाबाहक कम्पनी नेपाल एयरलाइन्सले साउदीको दमाम, कोरियाको सिओल, अष्ट्रेलियाको सिड्नी र जापानको टोकियोमा उडान भर्नेछन्।

## परियोजना कर्जा विशेष असुली नीतिमा संशोधन

कोषले परियोजना कर्जा विशेष असुली (पहिलो संशोधन) नीति, २०७४ स्वीकृत गरी लागू गर्ने निर्णय गरेको छ। कोषले परियोजना कर्जा विशेष असुली नीति, २०७२ मा समसामयिक संशोधन गर्ने क्रममा सो निर्णय गरेको हो।

निर्णयपछि शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था भइसकेका, रुग्ण उद्योगका रुपमा रहेका र कर्जा अवलेखन भएका कर्जाहरुको असुली कार्यलाई थप प्रभावकारी बनाउन सकिने कोषले जनाएको छ।

## सामाजिक सुरक्षा कार्यक्रममा १४ करोड बढी वितरण

कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०७३/०७४ मा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत १९७८६ सञ्चयकर्ता वा निजको आश्रित परिवारलाई १८ करोड ५८ लाख ४१ हजार रुपैयाँ वितरण गरेको छ।

वितरित रकम मध्ये औषधोपचार शिर्षकमा १८ लाख १० हजार, सुत्केरी स्याहार खर्चमा ७६ लाख २४ हजार, काजक्रिया अनुदानमा २६ लाख ७४ हजार र दुर्घटना क्षतिपूर्तिमा २० लाख १८ हजार रुपैयाँ वितरण भएको हो। अघिल्लो वर्ष औषधोपचार शिर्षकमा ८५ लाख ६७ हजार, सुत्केरी स्याहार खर्चमा ३० लाख ९० हजार, काजक्रिया अनुदानमा २० लाख ७४ हजार र दुर्घटना क्षतिपूर्तिमा ९३ लाख रुपैयाँ वितरण भएको थियो।

# काठमाण्डौ मल भाडा सम्झौता




कर्मचारी सञ्चय कोषले सुन्धारा काठमाडौंस्थित "सञ्चय कोष भवन" शिवलक्ष्मी कोजुलाई भाडामा दिएको छ। कोष र कोजुबीच २०७३ माघ ६ गते सम्पन्न करार सम्झौता अनुसार कोजुले कोषलाई मासिक २ करोड ७१ लाख ११ हजार १३९ रुपैयाँ भाडा बुझाउनुपर्ने छ। प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि हुने व्यवस्था समेत सम्झौतामा उल्लेख छ। करारको अवधि १५ वर्षको रहने छ।

करार सम्झौतामा कर्मचारी सञ्चय कोषका तर्फबाट प्रशासक कृष्णप्रसाद आचार्य र भाडावाल शिवलक्ष्मी कोजुले हस्ताक्षर गर्नु भएको थियो। सो भवन भाडामा दिने सम्वन्धमा २०७२ साल फाल्गुण १२ गते सार्वजनिक सूचनाद्वारा बोलपत्र आह्वान गरेकोमा १० वटा बोलपत्रहरु सारभूत रुपमा प्रवाहग्राही भई सवैभन्दा बढी भाडा कबोल गर्ने बोलपत्रदाताले तोकेको मिति भित्र करार सम्झौता गर्न नआएपछि निजको बोलपत्र जमानत जफत गरी दोस्रो क्रममा रहेको बोलपत्रदाता कोजुको बोलपत्र स्वीकृत गरिएको हो।

कार्यकारी मञ्च

# कर्मचारी सञ्चय कोष ऐन कार्यान्वयन गर्न सामूहिक प्रतिबद्धता

१३ वर्षको अन्तरालपछि ऐनको नवौं संशोधनमा धैरै कुरा थपिएर आए पनि कार्यान्वयनको सिलसिलामा देखिने जटिलताहरु हल हुँदै जाने विश्वास सहभागीहरुले व्यक्त गरेका छन्।

२०७३ पौष ८ र ९ गते नगरकोटमा आयोजना भएको बरिष्ठ कार्यकारी मञ्चमा "कर्मचारी सञ्चय कोष ऐन, २०१९ नवौं संशोधन" र "कोषको पाँच वर्षे रणनीतिक योजना" विषयक कार्यकारी मञ्चको छलफल कार्यक्रम सहभागीहरुले सो कुरा व्यक्त गरेका हुन्।

तत्कालिन कायम मुकायम मुख्य अधिकृत दीपक रौनियारले संशोधित ऐनको कार्यान्वयनमा सामूहिक प्रतिबद्धता व्यक्त गर्दै कोषले गर्न सक्ने कामको बारेमा निश्चित रोड म्यापको खाँचो औल्याउनु भयो। उहाँले प्राथमिकताका आधारमा कार्य र कार्यक्रमलाई अगाडि बढाउन सकेमा धेरै समस्या समाधान गर्दै अगाडि बढ्न सकिने बताउनु भयो। रौनियारले कोषमा विद्यमान मानव संसाधन र सूचना प्रविधिलाई एकीकृत रुपमा अगाडि बढाउन जरुरी रहेको चर्चा गर्दै कोषको जनशक्तिलाई जोखिमरहित निर्णय प्रक्रियाबाट जोखिम बहन गर्न सक्ने जनशक्तिका रुपमा रुपान्तरण गर्न जरुरी भइसकेकोमा पनि जोड दिनु भयो।

कोषका का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्लेले कर्मचारी सञ्चय कोष ऐन, २०१९ नवौं संशोधनलाई स्वामित्वबोध सहित सामूहिक रुपमा कार्यान्वयनको प्रतिबद्धता आवश्यक भएको बताउनु भयो।

काफ्लेले कोषका अल्पकालीन तथा दीर्घकालीन महत्वका सबै कार्यको कार्यान्वयनप्रति आफू प्रतिबद्ध रहेको बताउँदै रणनीतिक योजनालाई परिष्कृत रुपमा प्रस्ताव गर्नु अघि बाह्य विज्ञसहित थप अन्तर्क्रिया गर्ने बताउनु भयो।

योजना, अनुगमन तथा मूल्यांकन विभागका पूर्व विभागीय प्रमुख लक्ष्मीप्रसाद श्रेष्ठले सञ्चालन गर्नु भएको कर्मचारी सञ्चय कोष ऐन २०१९, नवौं संशोधन विषयक पहिलो सत्रको कार्यक्रमका अध्यक्ष काफ्लेले ऐनको व्याख्या भन्दा पनि कार्यान्वयन महत्वपूर्ण हुने चर्चा गर्दै स्वरोजगार व्यक्तिहरुलाई कोषको दायरामा ल्याउन सक्नु महत्वपूर्ण कार्य हुनेमा जोड दिनु भयो। काफ्लेले ऐनको प्रस्तावनामा कोषको कार्य सम्भावना र सेवाको दायरा विस्तार जस्ता संशोधित व्यवस्थाबाट लाभ लिन सक्नुपर्नेमा जोड दिनु भयो।

वरिष्ठ प्रबन्धक जीवन कुमार कट्वाल र प्रबन्धक (प.वि.) मदन सुवेदीले प्रस्तुत गर्नु भएको कर्मचारी सञ्चय कोष ऐन, २०१९ नवौं संशोधन कार्यपत्रमाथि टिप्पणी गर्दै सामाजिक सुरक्षा सेवा प्रवाह तथा व्यवस्थापन समूहका संयोजक विभागीय प्रमुख वीरेन्द्र मोहन भट्टराईले संशोधित ऐनले कोषको उद्देश्य, दायरा र कार्यक्षेत्रमा पारेको प्रभावलाई मनन गर्दै प्राप्त अवसरको सदुपयोग एवं चुनौतीहरुको समाधान योजनाबद्ध ढंगले हुनुपर्ने बताउनु भयो।

सामाजिक सुरक्षा कार्यक्रम अनुसन्धान तथा विकास समूहका संयोजक विभागीय प्रमुख केदारनाथ गौतमले कोषको नीतिगत उपलब्धिका लागि वरिष्ठ कार्यकारी मञ्चको भूमिका उल्लेखनीय रहेको चर्चा गर्दै नेपाल सरकारलाई चुनौती बन्दै गएको निवृत्तिभरणको व्यवस्थापन जिम्मेवारी लिन सके कोषका लागि राम्रो अवसर हुने बताउनु भयो। गौतमले संशोधनका कतिपय विषयहरु सञ्चालक समितिलाई जानकारी हुँदा हुँदै पनि सञ्चय कोषले तिर्ने कर र आयमा छुटको विषय संशोधनमा समावेश हुन नसकेको बताउनु भयो।



सूचना तथा सञ्चार प्रविधि समूहका संयोजक विभागीय प्रमुख रोचन श्रेष्ठले तथ्याङ्क व्यवस्थापन सम्बन्धमा ऐनमा जे जस्ता कुरा आए पनि नियमावलीमा डिजिटल डाटा एसेप्टेन्सलाई मान्यता दिन आवश्यक रहेको बताउनु भयो। श्रेष्ठले सामूहिक उत्तरदायित्वका लागि सामूहिक सहभागिता आवश्यक रहेको चर्चा गर्दै स्वरोजगारलाई समेट्ने सन्दर्भमा जटिल क्षेत्रबाट सुरुवात गर्दा सिस्टमको विकासमा मद्दत पुग्नेमा जोड दिनु भयो।

वित्तीय स्रोत व्यवस्थापन समूहका संयोजक विभागीय प्रमुख दुर्गा प्रसाद सुवेदीले संशोधित ऐनका सन्दर्भमा कोषले स्रोत संकलन र व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक भएको बताउनु भयो। सुवेदीले वैदेशिक रोजगारबाट कोष संकलन, स्वरोजगारको कानूनी हैसियत बारेमा चुनौती रहेको बताउँदै लगानीका क्षेत्रमा देखिएको दोहोरोपन र डिबेन्चरको परिभाषामा विद्यमान दुविधालाई पुनर्भाषित गर्नु पर्ने आवश्यकता रहेको बताउनु भयो। सुवेदीले म्युचुअल फन्ड स्कीम सञ्चालनमा अनुभव नभएको, Mutual Fund Scheme सञ्चालनमा अनुभव नभएकाले कार्य सहज नभएको, सामूहिक लगानी सञ्चालन भएकोले अध्ययन अनुसन्धान बढी चाहिने र आवास सञ्चालन गर्ने सन्दर्भमा जग्गा प्राप्तिमा ठूलो चुनौती देखिएको बताउनु भयो।

संगठन व्यवस्थापन तथा नवप्रवर्तन समूहका संयोजक विभागीय प्रमुख ओमकृष्ण श्रेष्ठले सामान्य व्यवस्थापनको दृष्टिकोणमा ऐन संशोधनबाट कोषको दायरा विस्तार, स्रोत परिचालन र वृद्धि तथा विविधतामा प्रभाव पर्ने भएकोले कोषले आगामी दिनमा अनुसन्धान र विकासका क्षेत्रमा पनि स्रोत परिचालन गर्नुपर्ने बताउनु भयो। श्रेष्ठले कोषलाई संशोधन मार्फत स्वास्थ्य सुविधा योजना, निवृत्तिभरण योजना र स्वरोजगार सञ्चय कोषको सञ्चालन अवसर प्राप्त भए पनि सामाजिक सुविधाको क्षेत्रमा विद्यमान कानूनहरुको संयोजन र सबै प्रकारका सरोकारवालाहरुबीच समन्वय गरेर अगाडि बढ्नुपर्ने चुनौती रहेको बताउनु भयो। श्रेष्ठले देखिएका चुनौतीहरुको समाधान गर्न कोषको रणनीतिक योजनाको स्पष्ट खाका तय हुनुको साथै संगठनात्मक संरचनामा समेत आमूल परिवर्तनको खाँचो रहेकोमा जोड दिनु भयो।

कार्यपत्र र सामुहिक टिप्पणीमाथि प्रतिक्रिया व्यक्त गर्ने क्रममा वरिष्ठ प्रबन्धक विजय कुमार श्रेष्ठले स्रोत संकलन र लगानी व्यवस्थापन एउटै संस्थाले गर्नु पर्ने कुरा चुनौतीपूर्ण रहेको बताउँदै संशोधित ऐनलाई कार्यान्वयनमा लैजानु अघि आउन सक्ने समस्यालाई पहिले नै सम्बोधन गर्न सके प्रभावकारी हुने बताउनु भयो। ब.शा.अ. रामचन्द्र पोखरेलले कोषको सञ्चालक समितिको व्यवस्था प्रभावकारी रहन नसकेको चर्चा गर्दै भुक्तानी व्यवस्था र आयकरको बारेमा अस्पष्ट व्यवस्था, कार्यक्रमहरुको कमजोर मूल्यांकन अवस्था र प्रशासकको राजनीतिक नियुक्तिको कारण देखिन सक्ने समस्यालाई व्यवस्थापनले पर्याप्त सम्बोधन गर्न आवश्यक रहेको बताउनु भयो। प्रबन्धक केशवबहादुर आचार्यले संशोधित ऐनको कार्यान्वयन पक्ष दरिलो हुनुका साथै कार्यरत कर्मचारीको मनोबल उच्च गराई राख्न आन्तरिक सुशासन व्यवस्थालाई व्यवस्थित गर्दै जानुपर्नेमा जोड दिनु भयो।

प्रस्तुत कार्यपत्रहरुमाथि कोषमा क्रियाशील तिनवटै युनियनका प्रतिनिधिहरुले आ–आफ्ना धारणा व्यक्त गर्नु भयो। नेपाल वित्तीय संस्था कर्मचारी संघ, क.सं.कोषका अध्यक्ष अर्जुनप्रसाद आचार्य, सञ्चय कोष कर्मचारी संघ, क.सं.कोषका अध्यक्ष धर्मराज मैनाली र नेपाल राष्ट्रिय कर्मचारी संगठन, क.सं.कोष महासचिव डिल्ली राज अधिकारीले ऐन संशोधनपछि प्राप्त अवसरलाई वृहत दृष्टिकोणका साथ सदुपयोग गर्नुपर्ने बताउनु भयो।


## सञ्चयकर्ता कर्जा तथा असुली बिभागद्वारा ऋणीहरुको ध्यानाकर्षण

*'कर्जाको किस्ता नियमित गरौं'*

संचयकर्ता कर्जा तथा असुली विभागले किस्ता नियमित नगर्ने र भाखा नाघेको कर्जा चुक्ता नगर्ने ऋणीहरुलाई ध्यानाकर्षण गराएको छ। विभागले सार्वजनिक सूचना जारी गर्दै आषाढ मसान्तभित्रै सावाँ एवं व्याजको रकम बुझाउन ऋणीहरुलाई अनुरोध गरेको हो।

सूचनामा भनिएको छ, 'कोषबाट बिभिन्न मितिमा घर सापटी, शैक्षिक ऋण र सरल चक्र कर्जा उपभोग गरेका ऋणीहरुले कोषलाई बुझाउनु पर्ने नियमित किस्ता (साँवा तथा व्याज) रकम एवं कर्जाको भाखा नाघेका ऋणीहरुले कोषलाई भुक्तान गर्नुपर्ने सम्पूर्ण साँवा व्याजको रकम असुली बिभागमा एवं ऋण लिएको कोषको शाखा कार्यालयहरुमा सम्पर्क गरी बुझाउनु हुन सूचित गरिन्छ।' तोकिएको समय भित्र रकम नबुझाउने ऋणीहरुको नामावली राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी असुली कारवाही अगाडि बढाइने व्यहोरा समेत सूचनाद्वारा जानकारी गराइएको छ।

भाखा नाघेको कर्जा भन्नाले हाल सेवामै रहेका ऋणीहरुको हकमा कर्जा लिंदाका बखत तोकिएको साँवा व्याज चुक्ता गर्ने अबधि र हाल सेवामा नरहेका ऋणीहरुको हकमा निजको सेवा टुटेको अबधिलाई बुझाउने व्यहोरा समेत स्पष्ट पारिएको छ। यसैबीच, सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागले पनि आषाढ मसान्तभित्रै कोषकट्टी फाँटवारी पठाउन सम्बन्धित कार्यालयहरुलाई आग्रह गरेको छ।






## कोष अध्यक्षमा शिशिरकुमार ढुङ्गाना नियुक्त



नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०४/१९ को निर्णय अनुसार कोष सञ्चालक समितिको अध्यक्ष पदमा शिशिरकुमार ढुङ्गाना नियुक्त हुनुभएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२) को खण्ड (क) बमोजिम नियुक्त ढुङ्गाना हाल अर्थ मन्त्रालय सचिव (राजश्व) विशिष्ट श्रेणी पदमा सेवारत हुनुहुन्छ।

निजामती सेवामा लामो समय बिताउनुभएका ढुङ्गानाले भन्सार विभागको महानिर्देशक, क्षेत्रीय प्रशासन कार्यालय, दिपायलको क्षेत्रीय प्रशासक एवं कृषि विकास बैंकको सञ्चालक समेतको अनुभव सँगाल्नु भएको छ।

## गंगाबहादुर गुरुङ्ग कोष सञ्चालकमा नियुक्त



नेपाल सरकार (मा.उपप्रधानमन्त्री तथा अर्थमन्त्रीस्तरीय) को मिति २०७३/१२/२५ को निर्णय अनुसार सहायक रथी गंगाबहादुर गुरुङ्ग कोषको सञ्चालक समितिको सदस्यमा नियुक्त हुनु भएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२) बमोजिम नियुक्त गुरुङ्ग हाल नेपाली जंगी अड्डा, भद्रकालीस्थित बेतन वृत्ति तथा समारोह निर्देशनालय कार्यरथी विभागमा कार्यरत हुनुहुन्छ।

## कोष सञ्चालकमा गणेशप्रसाद पाण्डेय नियुक्त



नेपाल सरकार (मा.उपप्रधानमन्त्री तथा अर्थमन्त्रीस्तरीय) को मिति २०७३/०७/०३ को निर्णय अनुसार सह–सचिव गणेश प्रसाद पाण्डेय कर्मचारी सञ्चय कोषको सञ्चालक पदमा नियुक्त हुनुभएको छ । श्री पाण्डेय मन्त्रालयको तर्फबाट मनोनयन हुनुभएको हो। पाण्डेय हाल अर्थ मन्त्रालय आ.का.वि. महाशाखामा कार्यरत हुनुहुन्छ।

## माधवप्रसाद जोशी कोष सञ्चालकमा नियुक्त



नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति २०७४/०५/२७ को निर्णय अनुसार कर्मचारी सञ्चय कोषको सञ्चालक पदमा प्रहरी अतिरिक्त महानिरिक्षक माधवप्रसाद जोशी नियुक्त हुनुभएको छ।

हाल उहाँ प्रहरी प्रधान कार्यालय, नक्सालमा कार्यरत हुनुहुन्छ।

# कोषलाई अन्तर्राष्ट्रिय अवार्ड




कर्मचारी सञ्चय कोषले अन्तराष्ट्रियअवार्ड'एडिएफआईएपी डेभलपमेन्ट अवार्ड २०१७' प्राप्त गरेको छ । कोषलाई द एसोसिएसन अफ डेभलपमेन्ट फाइनान्सिङ इन्स्टिच्युसन्स इन एसिया एण्ड द प्यासिफिक (एडिएफआईएपी) ले २०१७ को लागि पुरस्कृत गरेको हो। कोषले संस्थागत सुशासनतर्फ उत्कृष्ट कार्यसम्पादन गरेकोले यो अवार्ड प्राप्त गरेको हो।

फिलिपिन्सको मनिलामा आयोजित समारोहमा कोषलाई उक्त अवार्ड विजेता घोषणा गरिएको थियो । 'निरन्तर रुपमा क्रियाशील नेपालको अग्रणी सामाजिक सुरक्षा प्रदायक'को रुपमा प्रशंसा ग र्दै अवार्डसँगै बितरण गरिएको प्रमाणपत्रमा भनिएको छ, 'व्यवसायीक गतिविधिमा संस्थागत सुशासनप्रति सुदृढ प्रतिवद्धताको सम्मान गर्दै कोषलाई यो अवार्ड प्रदान गरिएको छ।'

सन् १९७६ मा स्थापित एडिएफआईएपीमा अहिले ४५ देशका १३१ संस्था सदस्य छन् । विभिन्न देशका बैंक तथा अन्य वित्तिय संस्थाहरु एडिएफआईएपीमा आवद्ध हुने क्रममा छन् । कोषले सन् २०१४ मा एडीएफआईएपीको साधारण सदस्यता प्राप्त गरेको हो।

यस अघि २०१६ मा पनि समग्र संस्थागत सुशासनमा क्रियाशीलताको कदर गर्दै एडिएफआईएपीले कोषलाई यो अवार्ड प्रदान गरेको थियो।

## ०.६५ प्रतिशतका दरले मुनाफा वितरण

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुको आ.व. ०७२/७३ को सञ्चय कोषको शुरु मौज्दातमा ०.६५ प्रतिशतका दरले मुनाफा वितरण गर्ने निर्णय गरेको छ। कोष सञ्चालक समितिको बैठक पश्चात सो निर्णय भएको हो।

कोष सञ्चालक समितिको निर्णय अनुसार सो मुनाफा रकम हाल कर्मचारीको व्यक्तिगत खातामा वितरण नगरी जलविद्युत उत्पादन परियोजनाको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ताको छुट्टै व्यक्तिगत खातामा लेखांकन गरी राखिने छ। यसरी लेखांकन गरिएको रकममा सञ्चयकर्ताले पाए सरहको व्याज लगायतका सुविधा प्रदान गरिने निर्णयमा उल्लेख छ। यस विषयमा आवश्यक नीति, कार्यविधिको तर्जुमा एवं नेपाल सरकारको स्वीकृति सम्बन्धी विधि र प्रक्रिया पुरा भएपछि उक्त रकमलाई जलविद्युत उत्पादन परियोजनाको शेयर लगानीमा रुपान्तर गरिने समेत निर्णयमा जनाइएको छ।

# कोषको भावी कार्यक्रमबाट आर्थिक विकासमा थप सहयोग

कोषले भविष्यमा संचालन गर्ने निवृत्तिभरण लगायतका सामाजिक सुरक्षा योजना कार्यक्रमको नीति निर्माण तथा संचालन र व्यवस्थापनबाट मुलुकको आर्थिक तथा संरचनात्मक विकासमा सहयोग पुग्ने बताइएको छ।

कर्मचारी सञ्चय कोष ऐन नवौं संसोधन पश्चात कोषको दायरामा भएको विस्तार र कोषबाट योगदानमुखी निबृत्तिभरण संचालनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को सहयोगमा तयार गरिएको अवधारणा पत्र र यसमा आवश्यक सुधार गर्ने विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले सो कुरा बताएका हुन्। कार्यक्रममा कोषको दायरामा भएको विस्तारबाट कोषले निकट भबिष्यमा संचालन गर्ने योगदानमुखी निबृत्तिभरण, स्वास्थ्य बीमा, स्वरोजगारका लागि सञ्चय कोष, बैदेशिक रोजगारका लागि सञ्चय कोष संचालन गर्न अध्ययन भैरहेको सन्दर्भमा प्रकाश पारिएको थियो।

कार्यक्रमका वक्ताहरुले यो अन्तरक्रियाबाट कोषलाई अति नै उपयोगी सुझाव प्राप्त हुने बताउँदै कोषले भविष्यमा संचालन गर्ने निवृत्तिभरण लगायतका सामाजिक सुरक्षा योजना कार्यक्रमको नीति निर्माण तथा संचालन र व्यवस्थापनमा सहयोग पुग्ने बिश्वास व्यक्त गर्नुभएको थियो।

ट्रेड युनियन प्रतिनिधिहरुले कार्यक्रममा कोषले सामाजिक सुरक्षाको अवधारणा अनुरुप निवृत्तिभरण, स्वास्थ्य बीमा, स्वरोजगारका लागि सञ्चय कोष, बैदेशिक रोजगारका लागि सञ्चय कोष संचालन गर्न लागेको सन्दर्भमा खुशी ब्यक्त गर्दै सामाजिक सुरक्षा कोष र कर्मचारी सञ्चय कोषको कार्यमा दोहोरोपन नहुने गरी कार्य संचालन हुँदा उपयुक्त हुने सुझाव दिनुभयो।

यस्ता राष्ट्रिय स्तरका योजनाबाट ठूलो धनराशी संकलन हुने भएकोले उक्त पुँजीलाई देशको आर्थिक तथा संरचनात्मक विकासमा परिचालन गर्न सहज हुने प्रतिनिधिहरुको दावी थियो।

## सञ्चयकर्ताका लागि SMS Service

हाललाई नेपाल टेलिकमको GSM मोवाईल प्रयोगकर्ता सञ्चयकर्ताले आफनो सञ्चय कोष रकम, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण वुझ्न SMS Service प्रयोग गर्न सक्नु हुनेछ।

यो सेवा लिन चाहने सञ्चयकर्ताले कोषवाट निर्धारित आवेदन फाराम भरेर USername, र pincode कोषवाट लिनु पर्नेछ। फारम कोषको website वाट डाउनलोड गर्न सकिने छ।

कोषवाट Username, password र pincode लिएका सञ्चयकर्ताले आफ्नो मोवाइलको Message Box मा गएर कोषले आफूलाई उपलव्ध गराएको pincode टाइप गरेपछि space दिएर BAL टाईप गरी ३५७५० मा SMS पठाउनु पर्दछ।

सञ्चयकर्ताले पठाएको SMS को जवाफमा कोषले सञ्चयकर्ताको कोष रकम, विशेष सापटी, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण SMS मार्फत मोवाइलमा पठाउनेछ।

कोषका सवै शाखावाट यो सेवा प्राप्त हुने व्यवस्था छ। यो सेवा उपयोग गरे वापत सेवा प्रदायक नेपाल टेलिकमले लिने दस्तुर मात्र लाग्नेछ।

## सामाजिक सुरक्षणतर्फ कोषको योजना केन्द्रित...

*पृष्ठ १ बाट....*

शुभकामना मन्तव्यमा, भावी दिनहरुमा आर्थिक विकासका लागि अत्यावश्यक पूर्वाधार क्षेत्रहरुमा लगानी विस्तार गर्ने, योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने योजनालाई अगाडि बढाउने, सञ्चयकर्ताको आर्थिक तथा सामाजिक हैसियतमा बढावा दिनेतर्फ कोषको क्रियाशील रहेको छ उल्लेख गर्दै, सञ्चयकर्तालाई हालसम्म प्रदान भैरहेको स्वास्थ्य उपचार, काजकिरिया अनुदान, दुर्घटना क्षतिपूर्ति कार्यलाई समय सापेक्ष रुपमा सुधार गर्दै जाने र सञ्चयकर्तालाई प्रवाह भैरहेको सापटी कर्जाको कर्जा सीमा र कर्जा प्रबाहमा पनि समसामयिक रुपमा पुनरावलोकन गर्दै जाने कोषको योजना समेत रहेको बताउनु भएको छ।

"सुगम वा दुर्गम सबै क्षेत्रमा छरिएर रहेका सञ्चयकर्ताप्रति समर्पित हुँदै कोषका सबै सामाजिक सुरक्षण सेवा सुविधाहरु एकैसाथ उनीहरुमाझ उजागर हुन सकुन् भन्ने उद्देश्यले बैकिङ्ग सञ्जाल तथा आधुनिक सूचना प्रविधिको प्रयोगतर्फ कोष संवेदनशील रहेकोले यसतर्फ कोषका आगामी योजनाहरु निर्दिष्ट हुनेछन् " मन्तव्यमा उल्लेख छ।

मन्तव्यमा विश्वव्यापी आर्थिक उदारीकरण र खुलापनको लहरलाई आत्मसात गर्दै बचत परिचालन, उत्पादनशील कर्जा विस्तार, स्वदेशी पूँजिको संरक्षण एवं विकास हुन आवश्यक रहेको उल्लेख गर्दै कर्जा असुलीमा प्रभावकारिता, कोषको भौतिक सम्पत्तिको व्यवस्थापनमा अधिक चेष्टा र आम सञ्चयकर्ताद्वारा प्राप्त जायज गुनाशा, प्रतिक्रिया र सकारात्मक सुझावलाई उच्च मूल्यांकन गर्ने यस संस्थाको नैसर्गिक दायित्वप्रति कोष सदैव संवेदनशील रहेको बताउनु भएको छ।

शुभकामना सन्देशमा अगाडि भनिएको छ "हामी सबैको साझा प्रयासद्वारा यस संस्थाले हासिल गरेको ऐतिहाँसिक गरिमा र महिमालाई जोगाई राख्ने महान अभियानमा हाम्रो साझा प्रतिबद्धता र ज्यूँदो अठोट संकल्प रहोस्। वार्षिक उत्सवको यो सुखद घडिमा सम्पूर्ण सञ्चयकर्ता, कोषका शुभचिन्तक, शुभेच्छुक एवं सम्पूर्ण सरोकार पक्षमाझ पुनः शुभकामना व्यक्त गर्न चाहन्छु।"

मन्तव्यको अन्त्यमा, कोषको यस ५६ औं वार्षिक अवसरको शुभ उपलक्ष्यमा आ–आफ्नो तर्फबाट यथोचित सहयोग गर्नु हुने सञ्चालक समिति सदस्य साथीहरुप्रति आभार प्रकट गर्दै सञ्चालक समिति कोष सञ्चालनको नीतिगत पक्षलाई दिशानिर्देश गर्ने संयन्त्र पनि भएको र क्रियाशील युनियनको हार्दिक सौहार्द्रता, कोष परिवारको कोषप्रतिको संकल्प भाव सँधै क्रियाशील रहनेप्रति आफु विश्वस्त रहेको बताउनु भएको छ।



# ५२ कर्मचारी नियुक्त

कर्मचारी सञ्चय कोषले पछिल्लो खुल्ला विज्ञापन अनुसार सबै प्रकारका परिक्षामा उत्तिर्ण विभिन्न चार समूहका ५२ सफल उम्मेदवारहरुलाई नियुक्ति प्रदान गरिएको छ।

पुल्चोकस्थित कोषको प्रधान कार्यालयमा कात्तिक २४ गते आयोजित नियुक्ति वितरण कार्यक्रममा नियुक्ति पाउनेहरुमा वरिष्ठ प्रवन्धक चार्टर्डड एकाउण्टेण्ट १, शाखा अधिकृत ७, प्रमुख सहायक ४१ र वरिष्ठ कम्प्युटर सहायक ३ जना रहेका छन्। यसरी नियुक्ति पाउने उम्मेदवारहरु २०७२ असार १४ गते प्रकाशित खुला विज्ञापनका प्रत्यासीहरु थिए।

मुख्य अधिकृत राजेन्द्र काफ्लेले नवप्रवेशीहरुबाट उच्चस्तरको आचरण र कार्यसम्पादनको अपेक्षा गर्दै कोष केही वर्षदेखि नयाँ कर्मचारीहरुको छनौटको केन्द्र बन्दै गई रहेको सन्दर्भमा उच्च मनोबलका साथ दिएको जिम्मेवारी पुरा गर्न प्रेरित गर्नु भयो। उहाँले भन्नु भयो,"कोषप्रति तपाईले देखाउने व्यवहार, पुरा गर्ने दायित्व र चुनौतिको सामना गर्ने गुणले तपाईलाई अवश्य पनि व्यवसायिक कर्मचारीको रुपमा स्थापित गर्ने छ।"


मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका नायव मुख्य अधिकृत ओमकृष्ण श्रेष्ठले कोषको कर्मचारी छनौट प्रणाली पारदर्शी, नियमवद्ध र विश्वसनिय भएको उल्लेख गर्दै नवप्रवेशी कर्मचारीहरुलाई अभिमुखिकरण तालिममा सहभागिताका लागि आग्रह गर्नु भयो।


राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष रामप्रसाद राईले नवप्रवेशीहरुलाई कोषमा विद्यमान अभिव्यक्ति एवं सांगठनिक स्वतन्त्रताको निर्वाध उपभोग गर्न आग्रह गर्दै कोष र यसका सेवाग्राहीहरुप्रति शिष्ट र मर्यादापूर्ण व्यवहार गर्न अनुरोध गर्नु भयो।

सञ्चय कोष कर्मचारी संघका अध्यक्ष धर्मराज मैनालीले ट्रेडयुनियन आन्दोलनलाई अगाडि बढाउन, कोषको सम्वृद्धि गर्न र कर्मचारीहरुको नेतृत्व विकासका लागि नया साथीहरुलाई सहयोग गर्न आफुहरु हरहमेसा उपलब्ध रहेको बताउनु भयो।

नेपाल वित्तिय संस्था कर्मचारी सञ्चय कोषका अध्यक्ष अर्जुनकुमार आचार्यले नयाँ सोच र विचारबाट सुसज्जित नवप्रवेशी साथीहरुको कार्यक्षमताबाट कोष अवश्य पनि लाभान्वित हुने भन्दै कर्मचारीहरुको व्यवसायिक हक र हितका लागि पनि नयाँ कर्मचारीहरुले साथ र सहयोग देखाउने विश्वास व्यक्त गर्नु भयो।

नवनियुक्त कर्मचारीहरुका तर्फबाट बरिष्ठ प्रवन्धक चार्टर्डड एकाउण्टेण्ट ठाकुरजंग थापाले असल नागरिक र योग्य प्रतिस्पर्धीका रुपमा कोषमा नियुक्ति पाएकोमा सन्तोष व्यक्त गर्दै सवै नवप्रवेशीहरुले आफ्नो व्यक्तिगत र व्यवसायिक जीवनलाई समन्वय गर्दै कार्यसम्पादन गरे दुवै पक्ष समान रुपले लाभान्वित हुने बताउनु भयो।



# मोबाइल एप सार्वजनिक

कर्मचारी सञ्चय कोषले आफ्ना सेवा तथा सुविधाको जानकारी दिने उद्देश्यले मोवाइल एप सेवा सार्वजनिक गरेको छ। कोषको ५६ औं वार्षिकोत्सवको अवसरमा उक्त सेवा शुरु भएको हो। सार्वजनिक एप्लिकेशनलाई KSK Smart Services नाम दिइएको छ।



कोषका सेवालाई सूचनामैत्री बनाउँदै सञ्चयकर्ताको सेवामा सहज पहुँचको लागि एपको विकास भएको हो। सूचना तथा सञ्चार प्रविधि विभागका प्रमुख रोचन श्रेष्ठका अनुसार नवीनतम सूचना प्रविधिको प्रयोगमार्फत सेवाको गुणस्तर बृद्धि गर्न एपले सघाउ पुऱ्याउने छ। एपमा सञ्चयकर्ताले आवश्यक कोष विवरण, सापटी जानकारी लगायतका सेवा प्राप्त गर्न सक्ने छन् भने तत्काल प्रतिक्रिया दिन सक्ने व्यवस्था पनि मिलाईएको छ। एप कोषभित्रकै जनशक्तिद्वारा विकास गरिएको हो। हाल एण्ड्रोइड प्ले स्टोरमा मात्र उपलब्ध यो एप छिट्टै नै आइओएस र विण्डोज प्रयोगकर्ताको लागि समेत शुरु गरिने छ। यसबाट सेवाग्रहीलाई समयानुकुल सुविधा प्राप्त गर्न थप सहज हुने तथा समयको बचत हुने विश्वास कोषले लिएको छ।

स्मरणीय छ, कोषले यस अघि एसएमएस सेवा, टेलिकोष सेवा, नोटिसबोर्ड सर्भिस, डाटा इम्पोर्ट, इ–सर्भिस जस्ता अनलाइन सेवा सुविधाहरु सञ्चालन गरिरहेको छ।

# संशोधित ऐन कार्यान्वयन कार्यादेश स्वीकृत

कर्मचारी सञ्चय कोष ऐन २०१९ नवौ संसोधनमा उल्लेखित योजनाहरु सञ्चालन गर्न कोषले नीतिगत, संरचनागत तथा कार्यगत व्यवस्था गर्ने विषयक कार्यादेश स्वीकृत गरिएको छ।

ऐनको नवौं संशोधनमा भएका प्रावधानहरुबाट कोषका विद्यमान कार्यक्षेत्रमा स्वरोजगारमा संलग्न व्यक्तिहरु, वैदेशिक रोजगारमा कार्यरत कामदार/ कर्मचारीहरुको लागि सञ्चय कोष योजना तथा सामाजिक सुरक्षा अन्तर्गत योगदानमा आधारित निवृत्तिभरण योजना, स्वास्थ्य सुविधा योजना सञ्चालन थप हुने भएपछि सो को सञ्चालनका लागि विस्तृत अध्ययन गर्न कार्यादेश स्वीकृत गरिएको हो।

२०७३ असोज ९ गते स्वीकृत कार्यादेश अनुसार का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्लेको संयोजकत्वमा एक कार्यदलको गठन समेत गरिएको छ।

कार्यदलमा नायव मुख्य अधिकृत वीरेन्द्रमोहन भट्टराई, नायव मुख्य अधिकृत जीतेन्द्र धिताल, नायव मुख्य अधिकृत ओमकृष्ण श्रेष्ठ, वरिष्ठ प्रबन्धक अर्जुनकुमार गौतम, वरिष्ठ प्रबन्धक जीवनकुमार कट्वाल, वरिष्ठ प्रबन्धक ध्रुव भट्टराई, प्रवन्धक विरेन्द्र पौडेल, प्रवन्धक राकेशलाल श्रेष्ठ सदस्य र प्रवन्धक दामोदरप्रसाद सुवेदी सदस्य सचिव तोकिनु भएको छ।

कार्यदलले संसोधित ऐनका प्रावधानहरु लागु गर्ने विषयमा विस्तृत अध्ययन गरी व्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने छ।

# व्याजदर परिवर्तन

कोषको स्रोत परिचालनबाट प्राप्त आम्दानी, ब्याज खर्च, सामाजिक सुरक्षा कार्यक्रमहरुको कार्यान्वयनमा हुने खर्च, पूँजीगत तथा सञ्चालन खर्चको अवस्था प्रबृत्ति र सो बाट कोषको समग्र बित्तीय अवस्थामा पर्ने प्रभाव समेतको आधारमा कोष सञ्चालक समतिको मिति २०७४।०३।२२ को बैठकले सञ्चयकर्ताको सञ्चित रकममा सञ्चयकर्तालाई प्रदान गरिने सापटीमा मिति २०७४ श्रावण १ गते देखि लागु हुनेगरी देहाय वमोजिम व्याजदर कायम गरेको छ।

१. सञ्चय कोष रकममा सञ्चयकर्तालाई हाल प्रदान गरी आएको ६.७५ (छ दशमलव सात पाँच) प्रतिशत व्याजदरलाई परिमार्जन गरी ८.०० (आठ) प्रतिशत कायम गरिएको छ।

२. सञ्चयकर्तालाई विशेष सापटीमा हाल कायम रहेको व्याजदर ८.२५ (आठ दशमलव दुई पाँच) प्रतिशतलाई परिमार्जन गरी ९.५० (नौ दशमलव पाँच) प्रतिशत कायम गरिएको छ।

३. सेवामूलक सापटीको रुपमा सञ्चयकर्तालाई प्रदान गरिआएको घर सापटी / शैक्षिक सापटी, घरमर्मत सापटी र सरल चक्रकर्जाको व्याजदर निम्न वमोजिम कायम गरिएको छ।

| शिर्षक | साविक व्याजदर | कायम व्याजदर |
|---|---|---|
| घर सापटी | ८.२५% | ९.५०% |
| शैक्षिक सापटी | ८.२५% | ९.५०% |
| घरमर्मत सापटी | ८.२५% | ९.५०% |
| सरल चक्र कर्जा | ९.००% | १०.००% |

सम्पूर्ण सञ्चयकर्ताको आर्थिक भरोसाको केन्द्र:
**सञ्चय कोष**

## सञ्चय कोष ५५ वर्ष पुरा ...

*पृष्ठ १ बाट क्रमशः*

आर्थिक वर्ष २०७२/७३ को खूद मुनाफाबाट सञ्चयकर्ताहरुका लागि सामाजिक सुरक्षा सुविधा सञ्चालन गर्न सञ्चयकर्ता कल्याणकारी कोषमा एकमुष्ठ १५ करोड ९९ लाख रुपैयाँ व्यवस्था गरेको छ। कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा निश्चित दरले व्याज प्रदान गर्नुका अलावा मुनाफा समेत उपलव्ध गराउदैं आएको छ।

सञ्चयकर्ताहरुको शेयर स्वामीत्व रहेको निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत परियोजनाका लागि कोषले १० अर्व लगानी गर्ने प्रतिवद्धता जनाए अनुरुप हालसम्म पूँजीकृत सहित १२ अर्ब ६७ करोड ७८ लाख कर्जा प्रवाह गरि सकेको छ। यसैगरी सञ्चयकर्ताहरुलाई शेयर स्वामीत्व सुनिश्चित गरिएको निर्माणाधीन चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधीन ४ जलविद्युत आयोजनाहरुका लागि कोषले १६ अर्व ५० करोड रुपैयाँ लगानी गर्ने प्रतिबद्धता अनुरुप हालसम्म पूँजीकृत सहित ५ अर्ब ५९ करोड ४७ लाख कर्जा प्रवाह गरेको छ।

देशको पर्यटन क्षेत्रको विकासका लागि नेपाल वायु सेवा निगमलाई जहाज खरिद गर्न १५ वर्षका लागि १० अर्ब ऋण प्रवाह गरिएकोमा नियमित रुपमा असुली भई हाल सो सस्थांसंग ९ अर्ब २४ करोड ९६ लाख बाकी रहेको छ। साथै थप २ वाईड वडी जहाज खरिद गर्नका लागि १२ अर्ब ऋण प्रवाह गर्ने प्रतिवद्धता अनुरुप ४ अर्ब १९ करोड २८ लाख लगानी गरेको छ।

निजी क्षेत्रका कामदार कर्मचारीलाई कोषमा आवद्ध गराई संगठित क्षेत्रमा कोषको दायरा विस्तार गर्ने नीतिअनुरुप आ.व. २०७३/७४मा १२५ वटा संस्थाका २५,००० भन्दा बढी कामदार/कर्मचारीहरुलाई कोषमा आवद्ध गरिएको छ। परियोजना कर्जाको असुलीलाई प्रभावकारी बनाइएका कारण कोषको कुल स्रोतमा निष्कृय कर्जाको अनुपात संस्थागततर्फ ०.१९ प्रतिशत कायम भएको छ भने सञ्चयकर्ताहरुलाई प्रदान गरिएको सापटीमा रहेको निष्कृय कर्जाको अंशलाई कम गर्न असुली कार्यलाई अगाडि बढाईएको छ। कोषले अर्न्तराष्ट्रिय संस्था ADFIAP ले वार्षिक रुपमा प्रदान गर्ने पुरस्कार २०१५ मा प्राप्त गरेकोमा पुनः २०१६ को लागि समेत सस्थागत सुशासन तर्फको पुरस्कार प्राप्त गर्न सफल भएको छ।

कोषले उपलव्ध गराउदैं आएको सामाजिक सुरक्षा सुविधाहरु आर्थिक वर्ष २०७३/७४ मा कुल १९,७८६ सञ्चयकर्ता वा निजको आश्रित परिवारलाई १८ करोड ५८ लाख ४१ हजार रुपैयाँ प्रदान गरिएको छ। जसमध्ये काजक्रिया अनुदान ८७९ सञ्चयकर्ताका आश्रित परिवारलाई २ करोड ६० लाख ९५ हजार, दुर्घटना क्षतिपूर्ति १४७ सञ्चयकर्ता वा आश्रित परिवारले १ करोड ७४ लाख २० हजार, औषधोपचार सहयोग १०३ सञ्चयकर्ताले २३ लाख ९६ हजार र सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत १८,६५७ सञ्चयकर्ताले १३ करोड ९९ लाख ५० हजार रुपैया रहेको छ।

आर्थिक वर्ष २०७३/७४ मा करीब ३५ हजार सञ्चयकर्तालाई अवकाश पश्चात १३ अर्ब ७० करोड ११ लाख कोष रकम भुक्तानी, १४५ हजार सञ्चयकर्तालाई २० अर्ब ६१ करोड ३० लाख बिशेष सापटी, २ हजार सञ्चयकर्तालाई आवास निर्माणका लागि ७ अर्ब ६८ करोड ५४ लाख घर सापटी, सञ्चयकर्ताका सन्ततिको उच्च शिक्षाको लागि १४० सञ्चयकर्तालाई २० करोड ३० लाख शैक्षिक सापटी, अन्य अवश्यक कार्यका लागि ७९७ सञ्चयकर्तालाई १ अर्ब ५४ करोड २९ लाख सरल चक्र कर्जा प्रदान गरिएको छ।

> निजी क्षेत्रका कामदार कर्मचारीलाई कोषमा आवद्ध गराई संगठित क्षेत्रमा कोषको दायरा विस्तार गर्ने नीतिअनुरूप आ.व. २०७३/७४मा १२५ वटा संस्थाका २५,००० भन्दा बढी कामदार/कर्मचारीहरूलाई कोषमा आवद्ध गरिएको छ ।

सूचना प्रविधिको माध्यमबाट सञ्चयकर्तालाई प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले सञ्चयकर्ताको कोष कट्टी विवरण CD वा Website बाट Import गरी कोषको Database मा समावेश गर्ने नीति अनुरुप हाल सञ्चयकर्ताको कार्यालयवाट शीधै CD वा WebSite बाट Import गरी करीब ८० प्रतिशत फाँटवारीको लेखाङ्कन गर्ने गरिएको छ।

कोषले सञ्चयकर्तालाई सरल र सहज रुपमा सेवा तथा सुविधा प्रवाह गर्न अत्याधुनिक सञ्चार प्रविधिमा आधारित स्वचालित टेलीकोष सेवा सञ्चालन गरेको छ। यस सेवाको लागि सञ्चयकर्ताले नेपाल टेलिकमको साधारण PSTN tyf GSM Mobile phone मार्फत १६४२ डायल गरी कोषमा सञ्चित हरहिसाव टेलिफोनवाट सुन्न सकिन्छ। सञ्चयकर्ताले आफ्नो सञ्चय कोष रकम, विशेष सापटी, घर सापटी तथा शैक्षिक ऋण आदिको विवरण बुझ्न एसएमएस सेवा सुविधाका साथै Audio Notice Board Service समेत उपयोग गर्न सक्ने छन। यी कार्यहरुबाट कोषमा कार्यरत कर्मचारीहरुको मनोबलमा वृद्धि हुनुका साथै विद्युतीय कार्य प्रणालीको अवलम्वनले सेवा प्रवाह विश्वसनीय बन्न सक्ने कोषको विश्वास रहेको छ। यसका अतिरिक्त कोषका आवश्यक सूचना र आवश्यक फारामहरु डाउनलोड गर्न सक्ने व्यवस्थाका लागि कोषको वेबसाईट www.epfnepal.com.np सञ्चालनमा रहेको छ। सञ्चयकर्तालाई कोषका गतिविधि नियमित रुपले जानकारी गराउने उद्देश्यले विगत २ वर्षदेखि ई-न्यूज लेटर समेत प्रकाशन हुँदै आएको छ।

रकम सञ्चित गर्ने यो प्रणाली राष्ट्र सेवामा रहेका सीमित राष्ट्र सेवकहरुका लागि नेपालमा बि.स.१९९१ सालदेखि सुरु भए पनि हाल विभिन्न निजी तथा गैह्रसरकारी संस्थाहरुमा कार्यरत कर्मचारीहरुको समेत कर्मचारी सञ्चय कोषसम्म पहुँच पुगेको छ। यस अवधिमा सञ्चित पुँजीको उपयुक्त परिचालन गरी बढी भन्दा बढी सुविधा प्रदान गर्दै सञ्चयकर्ताको भरोसा जित्न र सामाजिक सुरक्षण प्रदायक संस्थाको अग्रणी भूमिकाद्वारा अन्तर्राष्ट्रिय स्तरको संस्थाको रुपमा कोषलाई स्थापित गर्नेतर्फ कोष उन्मुख रहेको छ।

सञ्चय कोष प्रणाली सामाजिक सुरक्षाको प्रारम्भिक चरण हो। रोजगारदाता र कर्मचारीको संयुक्त योगदानमा आधारित यस अवधारणा अनुसार व्यवस्थापन गरिएको सञ्चय कोष अवकाश पश्चात एकमुष्ट प्रदान गरिन्छ। सामाजिक सुरक्षाको यो परम्परागत अवधारणालाई सामाजिक सुरक्षाको आधुनिक अवधारणासँग तादम्यता हुने गरी सञ्चय कोष प्रणालीलाई एकीकृत सामाजिक सुरक्षा प्रणाालीमा स्तरोन्नति गर्ने कोषको योजना रहेको छ। नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको जनताको सामाजिक सुरक्षा लगायतका मौलिक हकको सुनिश्चितताका लागि कर्मचारी सञ्चय कोषको कार्यक्षेत्र र दायरामा विस्तार गरी कोषलाई क्रमशः मुलुकको प्रमुख सामाजिक सुरक्षण प्रदायक संस्थाको रुपमा विकास गर्ने दीर्घकालीन उद्देश्य कोषको रहेको छ।

# वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी दर्ता

## निकट भविष्यमै कार्य प्रारम्भ हुने

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताको लिड सेयर हुने गरी वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड दर्ता गराएको छ । सो कम्पनी कोषले २०७४ वैशाख २४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराएको हो।

कम्पनीको अधिकृत पुँजी २० अर्व रुपैयाँ रहेको छ, भने जारी पुँजी १० अर्व रुपैयाँ रहेको छ। प्रवन्धपत्र अनुसार कम्पनीको सेयर संरचना कर्मचारी सञ्चय कोष १५, नेपाल विद्युत प्राधिकरण १०, विद्युत उत्पादन कम्पनी १०, कोषमा आवद्ध सञ्चयकर्ता ४० गरी ७५ प्रतिशत हुने छ। त्यसैगरी, सर्वसाधारण १३, आयोजना प्रभावित क्षेत्रका बासिन्दा १० प्रतिशत र अति विपन्न परिवार गरी २५ प्रतिशतको सेयर संरचना हुने छ। कम्पनीको सञ्चालक समितिमा कोषबाट १, विद्युत उत्पादन कम्पनीबाट १, नेपाल विद्युत प्राधिकरणबाट १, सञ्चयकर्ता समूहबाट १, सर्वसाधारणबाट १, स्वतन्त्र व्यवशायीक संघ (वित्तीय) बाट १ र स्वतन्त्र व्यवसायीक संघ (जलविद्युत) बाट १ गरी ९ जना सञ्चालक हुने छन । कम्पनीले विद्युत उत्पादनको अनुमति पत्र २०७४ बैशाख २५ गते नै प्राप्त गरेको छ भने कम्पनीको स्थायी लेखा नम्बर ६०५९५४३८० रहेको छ। कम्पनीले विद्युत उत्पादन सर्वेक्षण अनुमति उर्जा मंत्रालयबाट २०७३ जेठ ७ गते प्राप्त गरेको छ। कम्पनीले निकट भविष्यमै आयोजना स्थल सुर्खेत जिल्लाको कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताको लिड सेयर हुने गरी वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड दर्ता गराएको छ। सो कम्पनी कोषले २०७४ वैशाख २४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराएको हो।

कम्पनीको अधिकृत पुँजी २० अर्व रुपैयाँ रहेको छ, भने जारी पुँजी १० अर्व रुपैयाँ रहेको छ। प्रवन्धपत्र अनुसार कम्पनीको सेयर संरचना कर्मचारी सञ्चय कोष १५, नेपाल विद्युत प्राधिकरण १०, विद्युत उत्पादन कम्पनी १०, कोषमा आवद्ध सञ्चयकर्ता ४० गरी ७५ प्रतिशत हुने छ। त्यसैगरी, सर्वसाधारण १३, आयोजना प्रभावित क्षेत्रका बासिन्दा १० प्रतिशत र अति विपन्न परिवार गरी २५ प्रतिशतको सेयर संरचना हुने छ। कम्पनीको सञ्चालक समितिमा कोषबाट १, विद्युत उत्पादन कम्पनीबाट १, नेपाल विद्युत प्राधिकरणबाट १, सञ्चयकर्ता समूहबाट




तस्वीर : निरञ्जनकुमार भट्टराई

१, सर्वसाधारणबाट १, स्वतन्त्र व्यवशायीक संघ (वित्तीय) बाट १ र स्वतन्त्र व्यवशायीक संघ (जलविद्युत) बाट १ गरी ९ जना सञ्चालक हुने छन । कम्पनीले विद्युत उत्पादनको अनुमति पत्र २०७४ बैशाख २५ गते नै प्राप्त गरेको छ भने कम्पनीको स्थायी लेखा नम्बर ६०५९५४३८० रहेको छ । कम्पनीले विद्युत उत्पादन सर्वेक्षण अनुमति उर्जा मंत्रालयबाट २०७३ जेठ ७ गते प्राप्त गरेको छ। कम्पनीले निकट भविष्यमै आयोजना स्थल सुर्खेत जिल्लाको वेतन भन्ने स्थानमा कार्य प्रारम्भ गर्ने छ।

उर्जा र अर्थ मन्त्रालयसँग पटक पटक भएको छलफल र कोष सञ्चालक समितिले २०७३ माघ ७ मा गरेको नीतिगत निर्णयपछि कोष विद्युत आयोजना विकास र निर्माणको निर्णयमा पुगेको थियो । कोषको नवौ संशोधित ऐनले पूर्वाधारमा लगानी गर्ने बाटो खुला गरेपछि सञ्चयकर्तालाई मालिक बनाउने गरी गरिएको जलविद्युत आयोजना निर्माणको तयारीलाई महत्वपूर्ण निर्णय मानिएको थियो।

कोषले बर्षभरि कमाएको नाफाको ९५ प्रतिशत रकम सञ्चयकर्ताको हितमा उपयोग हुने जगेडा कोषहरुमा जम्मा गरी सञ्चयकर्ताको आर्थिक वर्षको शुरुको सञ्चित मौज्दातमा सञ्चालक समितिले तोके बमोजिम निश्चित दरमा समानुपातिक रुपमा मुनाफा वितरण गर्ने प्रचलन रहेकोछ । तर, सो प्रचलनमा सुधार गरी सञ्चयकर्ताको दीर्घकालीन हितमा जलविद्युत उत्पादन परियोजनाको शेयरमा लगानी गरी सञ्चयकर्तालाई शेयरमार्फत प्रतिफल उपलब्ध गराउने कोषको उद्देश्य रहे बमोजिम कम्पनीले कार्य गर्ने जनाइएको छ।

यसका लागि आर्थिक वर्ष ०७२/७३ को सञ्चयकर्ताको शुरु मौज्दातमा ०.६५ प्रतिशतका दरले वितरण गर्ने मुनाफा जलविद्युत उत्पादन परियोजनाको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ताको छुट्टै व्यक्तिगत खातामा लेखांकन गरिने छ । यस मुनाफा रकममा कोषकट्टी रकममा सञ्चयकर्ताले पाए सरहको व्याज लगायतका सुविधा प्रदान गरिने छ र यस विषयमा आवश्यक नीति, कार्यविधिको तर्जुमा एवं नेपाल सरकारको स्वीकृति सम्बन्धी प्रक्रिया पुरा भएपछि उक्त रकमलाई जलविद्युत उत्पादन परियोजनाको शेयर लगानीमा रुपान्तरण गरिनेछ। यसरी जलविद्युत आयोजनाको लागि बन्न आउने बिउ पूँजी गत आर्थिक बर्षको मुनाफाको आधारमा एक अर्ब २८ करोड रुपैयाँहुने छ । गत आर्थिक वर्षमा कोषले एक अर्ब ६० करोड रुपैयाँमुनाफा गरेको थियो । अहिले सरकारले कुनै परियोजना उपलब्ध गराए त्यसको पूर्व तयारीमै तीनदेखि चार बर्ष लाग्ने हुँदा निर्माण सुरु हुँदासम्म आवश्यक लगानी रकम संकलन भैसक्ने कोषको अनुमान छ। सञ्चयकर्ताले लाभांश बापत पाउन लागेको रकम परियोजनामा लगानी हुनेहुँदा उनीहरुको नाममा सूचना निकालेर सल्लाह सुझाव लिने प्रक्रिया समेत कोषले प्रारम्भ गरिसकेको छ। यदि कसैले सेवा निवृत्त भएर जाँदा आफूलाई शेयर होइन हालसम्म ब्याज, लाभांश लगायत जम्मा भएको सबै पैसा नगदमै चाहेमा पनि उनीहरुको शेयर खरिद गरेर पैसा दिने कार्यविधिमा समेत काम भइरहेको छ।

# कर्मचारी सञ्चय कोष ऐन २०१९: नवौं संशोधन

व्यवस्थापिका–संसदद्वारा सर्वसम्मतिले पारित कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन, २०७३ प्रमाणीकरण भई लागू भएको छ । मिति २०७३/६/१८ मा राजपत्रमा ऐन प्रकाशित भएसँगै कोषको सेवाको पहुँचमा व्यापक विस्तार भएको छ, भने लगानी सुरक्षामा समेत नयाँ प्रावधान थपिएका छन।

कर्मचारी सञ्चय कोष ऐनमा रहेका व्यवस्था तथा प्रावधानलाई समसामयिक रुपमा सुधार तथा परिमार्जन गरी समयानुकुल बनाउन विभिन्न समयमा संशोधन हुँदै आएकोमा पछिल्लो पटक नवौं संशोधन भएको हो । यस संशोधनले स्वरोजगारमा संलग्न व्यक्तिहरुलाई सञ्चय कोषमा आवद्व गर्नुको साथै कोषका लगानीका क्षेत्र तथा अधिकारहरु समेत विस्तार गरेको छ ।

संशोधित ऐनका अनुसार कोषलाई आफ्नो मौज्दात र सम्पत्तिको परिचालन तथा सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने सम्बन्धमा स्पष्ट अधिकार पनि प्रदान गरिएको छ । कोषलाई प्राप्त अधिकार अनुसार नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृति प्राप्त विदेशी वा स्वदेशी संस्थाको ऋण पत्रमा कोषले लगानी गर्न सक्ने छ। त्यसैगरी कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायद्वारा प्रवर्द्धित उर्जा उत्पादन, प्रशारण, विकास र अन्य पूर्वाधार निर्माणसँग सम्बिन्धित् कम्पनीको सेयरमा समेत लगानी गर्न सक्ने छ। कोषले आफै वा अरु संस्थासँग मिली कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरुको सहभागितामा सामूहिक लगानी योजना सञ्चालन गर्न आफ्नै कम्पनी वा संस्थाको स्थापना समेत गर्न सक्ने छ । संशोधन अनुसार कोषको नियमनकारी निकायमा अर्थ मन्त्रालय रहने छ । अर्थ मन्त्रालय मातहतकै सार्वजनिक सँस्था भए पनि कोषको नियमनमा कर्मचारी सञ्चय कोष ऐन २०१९ मौन रहेको थियो।

नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरुको सञ्चय कोष रकम जम्मा गर्ने उद्देश्य लिई वि.सं २०१९ सालमा जारी भएको कर्मचारी सञ्चय कोष ऐन अनुरुप कोषको स्थापना २०१९ भाद्र ३१ गते भएको थियो। समयक्रमसँगै ऐनमा भएका प्रावधानहरुमा संशोधन भए अनुरुप शिक्षक र औपचारिक क्षेत्रका कामदार/कर्मचारीहरुको रकम समेत कोषमा जम्मा हुने गरेको छ।

## ऐनका केही मुख्य विशेषताहरुः

१. कर्मचारी सञ्चय कोष ऐन, २०१९ को प्रस्तावनामा नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरु, अन्य कर्मचारीहरु र स्वरोजगारमा संलग्न व्यक्तिहरुको निमित्त सञ्चयकोष, निवृत्तिभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने विषय समावेश गरिएको ।

२. स्वरोजगारमा संलग्न व्यक्तिको सञ्चय कोष कट्टी गर्न सक्ने व्यवस्था गरिएको।

३. नियामक निकायको रुपमा अर्थ मन्त्रालयलाई तोकि आवश्यकता अनुसार कोषको काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था कायम गरिएको।

४. कोषलाई आफ्नो मौज्दात र सम्पत्तिको परिचालन तथा सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने सम्बन्धमा साविकको अधिकारमा विस्तार भई :
   - नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृति प्राप्त विदेशी वा स्वदेशी संस्थाको ऋण पत्रमा लगानी गर्ने,
   - कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायद्वारा प्रवर्द्धित ऊर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा शेयर लगानी गर्न सक्ने।
   - कोषले आफै वा अरु संस्थासँग मिली कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरुको सहभागितामा सामूहिक लगानी योजना (Mutual Fund) सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना गर्ने,
   - कोषले आफै वा अरु संस्थाहरुसँग मिली विश्वविद्यालय, शिक्षण अस्पताल, मेडिकल कलेज लगायत शैक्षिक क्षेत्र, औषधी उत्पादन, ऊर्जा उत्पादन, पर्यटन, कृषि विकासमा सम्भाव्यता अध्ययन गरी लगानी गर्न सक्ने,
   - निवृत्तिभरण, स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको तोकिएको क्षेत्रमा कोष आफैले वा अन्य कुनै संस्थासँगको सहकार्यमा निवृत्तिभरण कोष, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा कोष स्थापना गरी सञ्चालन गर्ने,

५ आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न लेखापरीक्षण समितिको गठन ।

६. सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्ने जिम्मेवारी रहेको कर्मचारीलाई कोष रकम जम्मा गराउन सक्ने।

## समयमै फाँटवारी पठाउन आग्रह

सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागले समयमै फाँटवारी पठाउन सम्बन्धित कार्यालयहरुलाई आग्रह गरेको छ। विभागले सार्वजनिक सूचना जारी गर्दै आषाढ मसान्तभित्रै फाँटवारी पठाउन अनुरोध गरेको हो।

'सञ्चय कोष कट्टी गर्ने कार्यालयहरुले आफ्ना कर्मचारीहरुको सञ्चय कोष कट्टी तथा सापटी कट्टीको फाँटवारी प्रत्येक महिना समाप्त भएको सात दिन भित्र र असार महिनाको फाँटवारी सो महिनाको अन्त्यसम्ममा कोषमा पठाईसक्नु पर्ने व्यवस्था रहेको छ', सूचनामा भनिएको छ, 'चालु आ.व.को कोषमा पठाउन बाँकी सञ्चय कोष कट्टी तथा सापटी कट्टीको सम्पुर्ण फाँटवारीहरु असार मसान्त भित्रमा कोषको काठमाण्डौ ठमेल स्थित कार्यालय वा शाखा कार्यालयहरु वा सेवा केन्द्रहरुमा प्राप्त हुने गरी पठाउनु हुन अनुरोध छ।'

साथै, सो समय पश्चात प्राप्त हुने फाँटवारीहरु चालु आ.ब. को हिसावमा समावेश नहुने व्यहोरा समेत जानकारी गराईएको छ।

## शाखा कार्यालय धनगढी :

# गुनासोरहित सेवामा प्रतिबद्ध




कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरुलाई ठमेलस्थित सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग र सञ्चयकर्ता कर्जा तथा असुली विभागबाट उपलब्ध गराउँदै आएका सेवा सुविधाहरु स्थानीयस्तरमै उपलब्ध गराउने सद्भावपूर्ण उद्देश्यले सुदूर नेपालको धनगढीमा २०६१, कार्तिकमा यस शाखा कार्यालयको स्थापना भएको हो।

कर्मचारी सञ्चय कोषले अपनाएको अनलाइन कार्यपध्दतिका कारण सुदूरपश्चिम नेपाल (प्रदेश नं.७) का सेती र महाकाली अञ्चलमा पर्ने ९ जिल्लाका करीव ५० हजार सेवाग्राही सञ्चयकर्ताका लागि कोषद्वारा सुव्यवस्थापित सेवा तथा सरसुविधाहरू तत्कालै गुनासोरहित रुपमा प्रदान गर्न शाखा कार्यालय सफल भएको छ।

### निजीक्षेत्रप्रति कोषको विशेष पहल

कैलाली जिल्लाका निजी शैक्षिक संघसंस्था, वित्तीय प्रतिष्ठान तथा निजी व्यवसायिक घरानाहरुलाई समेटेर शाखा कार्यालय, धनगढीले मिति २०७३।०२।१५ मा स्थानीय सभा हलमा सम्पन्न गरेको छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागी संघसंस्थाका प्रतिनिधिहरुले कोष ऐनमा भएको नयाँ व्यवस्था र कोषको महत्वबारे सार्वजनिक जानकारी गराइएकामा कोषप्रति आभार ब्यक्त गरेका थिए भने सो कार्यक्रमका सम्बन्धमा स्थानीय F.M., टेलिभिजन र पत्रपत्रिकाहरुले प्रमुखताका साथ प्रशारण, प्रकाशन गरेका थिए । कार्यक्षेत्रभित्रका प्राइम जिल्ला छनौट गरी स्थलगत कार्यक्रम संचालन गर्ने सिलसिलामा शाखा कार्यालय, धनगढीले यस आ.व. मा डोटीलाई छनौट गरी डाटा इम्पोंट तथा सचेतना प्रवर्द्रन र कोषमा आवद्र गराउन सकिने निजी संघसंस्थाहरु पहिचान गरिएको थियो।

### भावी कार्यदिशा

- कोषको आफ्नै स्वामित्वमा रहने जग्गामा कार्यालय भवनको निर्माण,
- शहरीकरणको अनुपातमा संचयकर्ता सापटी विस्तार,
- निजीक्षेत्रको सघनतासंगै सो प्रकृतिका संगठित संस्थालाई कोषमा आवद्ध गराउने प्रयास,
- असूलीतर्फ परिणाममुखी रणनीतिक कार्ययोजनाको थालनी,
- कोषको लक्ष्य र उद्देश्य हासिल गर्न परिवर्तित संघीय संरचना अनुकूल कार्यसम्पादन तथा प्रतिस्पर्धी क्षमताको विकास।

### दशहजार बढी सञ्चयकर्ता लाभान्वित

समिक्षित आ.व.मा शाखा कार्यालय, धनगढीबाट विशेष सापटीतर्फ १०,२४८ जना सञ्चयकर्ताका लागि रु.१,११,१९,०१,३००।०० रकम प्रवाह भएको छ भने १३४१ सञ्चयकर्ताले अवकाश भुक्तानीअर्न्तगत रु.१४,८७,९०,७८२।५५ रकम बुझेका छन । सामाजिक सुरक्षा भुक्तानीतर्फ सेवाकालमा मृत्यु भएका ३३ जना सञ्चयकर्ताका हकवालालाई रु.९,९०,०००।०० रकम काजकृया अनुदान भुक्तानी भएको छ । कल्याणकोषतर्फ १२ जना सञ्चयकर्ता वा निजका हकवालालाई रु.११,८५,०००।००, दुर्घटना क्षतिपूर्तितर्फ १५ केशमा रु.१७,५०,०००।०० र सुत्केरी तथा शिशु स्याहार योजनातर्फ १३९७ जना सञ्चयकर्ता वा निजका पति पत्नीको लागि रु.१,०४,७७,५००।०० रकम भुक्तानी गरिएको छ।

आवास निर्माणमा १०० जना सञ्चयकर्ताका लागि रु.१५,८५,७२,६००।००, शैक्षिक ऋण अर्न्तगत ३ जना सञ्चयकर्ताका लागि रु.१५,५१,०००।०० र आवास मर्मतका लागि १० जना सञ्चयकर्ताका लागि रु.१,१२,३७,०००।०० प्रवाह भएको छ। असूलीतर्फ आवासनिर्माण सापटीमा साँवा रु.६,२१,७६,२४३।१३ र ब्याज रु.२,९७,८३,७००।७५३, शैक्षिक सापटीमा साँवा रु.१,५९,८००।०८ र ब्याज रु.३,३३,४०६।३८ तथा आवास मर्मत सापटीमा साँवा रु.३,४६,०४६।७८ र ब्याज रु.१,२०,१९६।५६ असुली भएको छ। असुली प्रभावकारी वनाउन शाखा कार्यालयले घरदैलो, सम्पर्क एवम् अन्य प्रयासहरुलाई निरन्तरता दिएको छ। आ.व.२०७३।७४ मा १४६७ सञ्चयकर्ताको प.प.समर्थन गरिएको छ भने १४३८ वटा ब्यक्तिगत खाता एकीकरण गरिएको छ । कार्यक्षेत्रभित्रका कार्यालयबाट प्राप्त ४३९८ थान फांटवारी अनलाइन भी.पी.गरिएको छ । ७ वटा नयां कार्यालयसंगै ६४ जना नयां सञ्चयकर्ता कोषमा आवद्ध भएका छन्।

## शाखा कार्यालय विराटनगरः

# दशहजार बढी सञ्चयकर्ता लाभान्वित



देश भरीका सम्पूर्ण संचयकर्ताहरुलाई काठमाण्डौको ठमेल कार्यालयबाट मात्र सेवा प्रदान भईरहेकोमा कोषको सेवालाई क्रमश: विकेन्द्रीकरण गरी स्थानिय स्तरवाट नै उपलव्ध गराउने ध्येयका साथ विभिन्न स्थानमा शाखा कार्यालयहरुको स्थापना गर्ने क्रममा कोषको पहिलो शाखा कार्यालयको रुपमा वि.स. २०४८ माघ महिनामा यस शाखा कार्यालयको स्थापना भएको हो। यस शाखाले पूर्वाञ्चलका ११ वटा जिल्लाका करिव ७० हजार संचयकर्ताहरुलाई प्रत्यक्ष सेवा प्रदान गर्दै आएको छ। यस शाखा कार्यालयमा कार्यरत १७ स्थायी र ८ सेवा करार सहित कुल २५ जना जनशक्तिले दैनिक औसत १२० जना सञ्चयकर्तालाई विभिन्न प्रकारका सेवाहरु प्रदान गरिरहेको छ।

हाल नविन प्रविधिको उपयोग गर्दै अनलाईन सेवा मार्फत सम्पूर्ण सेवा सुविधाहरु प्रदान गर्ने व्यवस्था गरिएको छ। साथै शाखा कार्यालयले मोरङ्ग, सुनसरी र झापा जिल्लाका शहरी ईलाकाहरुमा घर निर्माण वा खरिद गर्न वा घर मर्मत गर्न सञ्चयकर्तालाई घर सापटी र संचयकर्ता आफू वा आफ्नो परिवारका श्रीमान् श्रीमति, छोरा छोरीको उच्च शिक्षा अध्ययनका लागि घर सापटी कार्यक्रम लागु रहेका माथि उल्लेखित जिल्लाका तोकिएका स्थानको घर जग्गा धितो राखी शैक्षिक सापटी समेत प्रदान गर्दै आएको छ। यस अन्तर्गत हालसम्म यस शाखा कार्यालयबाट ३,४४० सञ्चयकर्ताले घर सापटी र ६४ जनाले शैक्षिक सापटी लिई सकेका छन्। आर्थिक बर्ष २०७३/७४ को अन्त्य सम्ममा यस शाखाको कूल घर सापटीमा रु. २.२६ अर्ब र शैक्षिक सापटीमा करिब रु. ८ करोड लगानी रहेको छ।

शाखा कार्यालय विराटनगरले आर्थिक बर्ष २०७३/७४मा १,३४७ जना संचयकर्ताहरुको दोहोरो खाता एकिकरण, ४,२०१ जना संचयकर्ताको परिचयपत्र समर्थन, १७ वटा नयाँ कार्यालयसँग कोषमा आवद्ध हुने सम्बन्धी सम्झौता गरी २९१ जना सञ्चयकर्ता थप गरेको छ। सापटी असूलीलाई प्रभावकारी बनाई यस अवधिमा विशेष सापटी

| विवरण | कारोबार संख्या | रकम (लाखमा) |
|---|---|---|
| भुक्तानी | ३,१३४ | ४३६१ |
| विशेष सापटी | २२,४१४ | २,५०,४६ |
| बैंक दाखिला | १,३०१ | २९५४ |
| दुर्घटना क्षतिपूति वितरण | १६ | १९ |
| औषधी उपचार सोधभर्ना | २५ | ५ |
| शिशु स्याहार खर्च | २,४२७ | १,८२ |
| कल्याणकारी योजना | १३ | १९ |
| काजक्रिया खर्च | ५९ | १८ |
| जम्मा | २९,३८९ | ३,२६,०४ |

बापत रु.२६ करोड र घरसापटीको साँवा व्याज बापत रु. ३६ करोड असूल गरिएको छ। संचयकर्ता घर सापटीको सस्पेन्स व्याज रु २.८४ करोड मध्ये रु. २ करोड (७० प्रतिशत) असुल उपर गरेको छ। संचयकर्ताहरुलाई उनीहरुले पाउने सेवासुविधाहरु छिटो छरितो र प्रभावकारी रुपमा उपलब्ध गराउन एकद्वार प्रणलीमा अधारित अनलाईन काउन्टर, अध्यावधिक संचयकर्ता वडापत्र, Digital Display, गुनासो र उजुरी पेटिका, सूचना अधिकारीको व्यवस्था गरिनुका साथै कोष परिचय एवम् घरसापटी सम्बन्धी ब्रोसियर प्रकाशन तथा वितरणका साथै यस शाखा कार्यालयको वारेमा थप जानकारीका लागि कोषको web page मा शाखा अन्तरगत विराटनगर शाखाको व्यवस्था गरी शाखा सम्बन्धी सूचना एवम् जानकारीहरु प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। कोषका वारेमा जानकारी गराउने र संचयकर्ताहरुको जिज्ञासाहरुको सम्बोधन गर्ने उद्देश्यले शाखाबाट ५ वटा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको, संचयकर्ता कार्यालयमा नै गएर परिचय पत्र निर्माण, डाटा इम्पोर्ट र फांटवारी व्यवस्थापन सम्बन्धमा अभिमुखीकरण, खाता एकिकरण र फांटवारीमा परिचय पत्र अनिवार्य राख्ने सम्बन्धमा प्रशिक्षण दिने कार्य सम्पन्न गरिएका छन्।

शाखा कार्यालय स्थापना भएको २५ बर्ष पछि २०७३ कात्तिक २५ गते कोषका प्रशासक श्री कृष्ण प्रसाद आचार्यबाट कार्यालय भवन शिलान्यास भई एक वर्षको निर्माण अवधिभित्र भवन निर्माण गर्ने कार्य भैरहेको छ। आगामी आर्थिक वर्षबाट आफ्नै कार्यालय भवनबाट संचयकर्ताहरुलाई व्यवस्थित र प्रभावकारी सेवा प्रवाह गर्न सकिने छ।

कोषको समग्र दीर्घकालीन लक्ष्य तथा उद्देश्य प्राप्तिमा सहयोग हुने गरी यस शाखा कार्यालयले आगामी दिनमा आफूले सम्पादन गर्नु पर्ने कामको बार्षिक लक्ष्य तथा उद्देश्य निर्धारण गरी आफ्ना क्रियाकलापहरु संचालन गर्ने नीति लिएको छ। देश संघीय संरचनामा गएको अवस्थामा यस कार्यालयले प्रदेश नं. १ को कामकारवाहीको नेतृत्व गर्नु पर्ने कारणले अझ बढी सक्रियताका साथ जिम्मेवारी निर्वाह गर्न सक्षम रहेको छ। कोष र सञ्चयकर्ता वीचको अन्तरसम्बन्धलाई थप प्रगाढ बनाउने तथा कोषका गतिविधि, कृयाकलाप एवम् कोषले सञ्चयकर्तालाई प्रदान गरिरहेका सेवा सुविधा र सोको प्रकृयाका सम्बन्धमा सञ्चयकर्तालाई अवगत गराउने उदेश्यले सञ्चयकर्ता अन्तरकृया कार्यक्रम तथा सञ्चयकर्ताको कार्यस्थलमा गई सञ्चयकर्ता अभिमूखिकरण कार्यक्रम अझ बढी प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति शाखाले लिएको छ भने कोषमा आवद्ध हुनसक्ने सम्भावित कार्यालयको पहिचान गरी प्रवर्धनात्मक कार्यक्रमको माध्यमबाट कोषमा आवद्ध हुन प्रोत्साहित गर्ने कार्यलाई अझ बढी प्रभावकारी बनाउदै लगिने छ।

कोषका शाखा कार्यालयहरु मध्ये सबैभन्दा बढी कारोबार गर्दै आएको यस शाखामा कार्यरत जनशक्तिबीचमा समूह कार्य भावनाको सृजना, ज्ञान व्यवस्थापनका माध्यमबाट आफूले हासिल गरेका ज्ञान सिप अन्य कर्मचारीहरुमा बाड्ने कार्य गरी यस शाखालाई कोषको नमुना शाखाको रुपमा विकास गर्न आन्तरिक व्यवस्थापनमा सुधार गर्नुका साथै कर्मचारीहरु बीचको आपसी समन्वय र सहकार्यलाई थप प्रगाढ बनाउँदै लगिएको छ।

# 'ईसा'को साधारण सभामा सहभागिता

कर्मचारी सञ्चय कोषका तत्कालिन अध्यक्ष प्रेम कुमार राई र तत्कालिन प्रशासक कृष्णप्रसाद आचार्य इन्टरनेशनल सोसियल सेक्युरिटी एशोसियसन (ISSA) को ३२ औं साधारण सभा र ईशा काउन्सिलको ३६ औं सम्मेलनका साथै वर्ल्ड सोसियल सेक्युरिटी फोरममा सहभागी हुनु भएको छ।

उक्त साधारण सभा २०१६ नोभेम्वर १४ देखि १८ सम्म गणतन्त्र पानामाको राजधानी पानामा सिटीमा आयोजना भएको थियो। कर्मचारी सञ्चय कोष सन् १९८० देखि ISSAको सदस्य रहि आएको छ।

यसै सन्दर्भमा आचार्य क्यानडास्थित अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का कन्सल्ट्यान्टको आमन्त्रणमा पेन्सन फन्ड सञ्चालन सम्बन्धी छलफलमा समेत सहभागी हुनु भएको थियो।

## प्रवन्धकद्वय MDP तालिममा सहभागी

कर्मचारी सञ्चय कोषका प्रवन्धकद्वय कल्पना मानन्धर र निर्मला हुमागाई म्यानेजमेन्ट डिभलपमेन्ट प्रोग्राम (एमडीपी) तालिम कार्यक्रममा सहभागी हुनु भएको छ।

उक्त तालिम म्यानेजमेन्ट डिभलपमेन्ट इन्स्टिच्युट (एमडीआइ)ले २०१७ मार्च १ देखि ३ सम्म भारतको गुडगाउँमा सञ्चालन गरेको थियो।

## प्रोजेक्ट फाइनान्स तालिममा सुवेदी

कर्मचारी सञ्चय कोषका प्रवन्धक (परियोजना विश्लेषक) मदन सुवेदी प्रोजेक्ट फाइनान्स इन इनर्जी एण्ड इन्फ्रास्ट्रक्चर सेक्टर्स विषयक तालिममा सहभागी हुनु भएको छ।

उक्त तालिम २०१७ फेब्रुअरी २-४ सम्म युरो फाइनान्स ट्रेनिंग एण्ड स्टेट ब्यांक स्टाफ कलेज हैदरावादले संयुक्त रुपमा भारतको हैदरावादमा सम्पन्न भएको थियो।

## कोष र कान्तिपुर पब्लिकेसनबीच सम्झौता

कर्मचारी सञ्चय कोष र कान्तिपुर पब्लिकेसनबीच पब्लिकेसनमा कार्यरत कर्मचारीहरुको सञ्चय कोष जम्मा गर्ने सहमतिमा हस्ताक्षर भएको छ। यो सहमतिपछि पब्लिकेसनमा कार्यरत चारसय पचास स्थायी कर्मचारीहरुको कोषमा नियमित सञ्चय कोषकट्टी हुने छ।

कोषका तत्कालिन प्रशासक कृष्णप्रसाद आचार्य र पब्लिकेसनका प्रवन्ध निर्देशक कैलाश सिरोहियाको समुपस्थितिमा कोषका तर्फबाट नायव मुख्य अधिकृत वीरेन्द्रमोहन भट्टराई र पब्लिकेसनका तर्फबाट कम्पनी सचिव धीरज श्रेष्ठले सहमतिमा हस्ताक्षर गर्नु भएको थियो।

पब्लिकेसनले गत श्रावणदेखिको कोष कट्टी बापत १ करोड रुपैयाँ जम्मा गरी सकेको छ।

## आन्तरिक नियन्त्रण प्रणाली परीक्षण कार्यादेश स्वीकृत

कर्मचारी सञ्चय कोषको आर्थिक वर्ष २०७३।७४ को वार्षिक तथा विशेष कार्यक्रममा समावेश भएको कोष कट्टी तथा विशेष सापटी खाता सञ्चालनमा रहेको आन्तरिक नियन्त्रण प्रणालीको विशेष परीक्षण गर्ने विषयक कार्यादेश स्वीकृत

गरिएको छ। सो स्वीकृत कार्यादेश अनुसार कार्य सम्पन्न गर्न २०७३ असोज ७ मा आन्तरिक लेखा परिक्षण विभागका विभागीय प्रमुखको संयोजकत्वमा एक कमिटि पनि गठन गरिएको छ।कमिटिमा केन्द्रिय लेखा तथा खर्च विभाग, सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग, सूचना तथा सञ्चार प्रविधि विभागका प्रतिनिधि सदस्य र कार्यटोलीले तोकेको आन्तरिक लेखापरीक्षण विभागको अधिकृत सदस्य सचिव तोकिएको छ।

## डिजास्टर रिकोभरी साइट सञ्चालनमा

कर्मचारी सञ्चय कोषले Disaster Recovery (DR) Site सञ्चालनमा ल्याएको छ। सो साइट कोषको ठमेलस्थित सूचना सञ्चार तथा प्रविधि विभागले सञ्चालनमा ल्याएको हो।

महाविपद्को परिस्थितिमा पनि कोषले सञ्चालनमा ल्याएका सेवाहरुलाई निर्वाध रुपमा सञ्चालन गर्न सकियोस तथा जोखिमहरुलाई न्यूनिकरण गरी सेवाहरु पुनः सुचारु गर्न सकियोस् भन्ने सो साइटको मुख्य उद्देश्य रहेका विभागीय प्रमुख रोचन श्रेष्ठले जानकारी गराउनु भयो।

मिति २०७३/०७/०३ गते उद्घाटनको अवसरमा कोषका वरिष्ठतम अधिकृतज्यूहरुको उपस्थिति रहेको थियो

## सूचना व्यवस्थापन समिति गठन

कर्मचारी सञ्चय कोषले हाल लागु गरेको आईटी पोलिसी २०७२ मा आईटी गवर्नेन्स पोलिसी अन्तर्गत मुख्य अधिकृत (संस्थागत व्यवस्थापन) को संयोजकत्वमा आईटी म्यानेजमेन्ट कमिटि गठन गरिएको छ।

२०७३ कात्तिक ५ मा गठित कमिटिले व्यवस्थापनमा भइरहेको सूचना प्रविधिको उपयोग, समसामयिक सुधार लगायत भविष्यमा प्रभावकारी सेवा तथा सुविधा प्रवाह गर्न अवलम्बन गर्नु पर्ने सूचना प्रविधिको कार्यक्रमहरुबारे अध्ययन गरी व्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने छ।

कमिटिमा विभागीय प्रमुख सूचना तथा सञ्चार प्रविधि विभाग, विभागीय प्रमुख सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग, विभागीय प्रमुख सञ्चयकर्ता कर्जा तथा असुली विभाग, विभागीय प्रमुख परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग, विभागीय प्रमुख मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग सदश्य र सूचना तथा सञ्चार प्रविधि विभागले तोकेको बरिष्ठ प्रवन्धक सदस्य सचिव तोकिनु भएको छ।

## कार्यदल गठन

कर्मचारी सञ्चय कोषको धनुकुटा शाखा कार्यालयबाट घर सापटी कार्यक्रम २०५७ र शैक्षिक सापटी २०५८ लागु गर्ने सम्बन्धमा धनकुटा शाखा कार्यालय प्रमुखको संयोजकत्वमा एक कार्यदलको गठन गरिएको छ।

२०७३ भाद्र ५ मा गठित कार्यदलमा सञ्चयकर्ता कर्जा तथा असुली विभागका अधिकृत, परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागका अधिकृत र केन्द्रिय लेखा तथा खर्च विभागका अधिकृत सदस्य तोकिनु भएको छ।

कार्यदलले सञ्चयकर्ताहरुको आवश्यकतालाई दृष्टिगत गरी उल्लेखित सापटीहरुको सम्बन्धमा पूर्व सम्भाव्यता अध्ययन गरी कोष व्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने छ।

हाल घर सापटी कार्यक्रम २०५७ र शैक्षिक सापटी २०५८ धनकुटा बाहेक अन्य सात शाखा कार्यालयहरुबाट नियमित प्रवाह भई रहेको छ।

# भ्रमण / तालिम

## ३४ अधिकृतको बैंकक तालिम

कर्मचारी सञ्चय कोषका ३४ जना वरिष्ठ शाखा अधिकृत/शाखा अधिकृत म्यानेजमेन्ट डिभलपमेन्ट ट्रेनिंग अन ग्लोवल मेनेजरियल स्कील्स विषयक अन्तर्राष्ट्रिय कार्यशालामा सहभागी हुनु भएको छ।

उक्त कार्यशाला २०७३ फागुन १७ देखि २२ गते सम्म थाइल्याण्डको राजधानी बैंककमा आयोजना भएको थियो। कार्यशाला इन्टरनेशनल स्टेन्र्डड आइकोन–आईएसआई नेपाल मार्फत आईएसआई नेपालको समन्वयमा सि भोलेन्टियर प्रोग्रामले एशियन इन्स्टिच्युटको सहकार्यमा सञ्चालन गरेको थियो।

## पेन्सन कोर कोर्स–२०१७ मा सहभागीता

कर्मचारी सञ्चय कोषका बरिष्ठ प्रवन्धक ध्रुव भट्टराई र प्रवन्धक दिलिपराज पौडेल वर्ल्ड बैंक पेन्सन कोर कोर्स २०१७ मा सहभागी हुनु भएको छ।

वर्ल्ड बैंकले २०१७ मार्च ६ देखि १७ सम्म हेडक्वार्टर वासिंगटन डी.सीमा दि डिजायन एण्ड इम्प्लेमेन्टेसन अफ वल्ड एज इन्कम प्रोटेक्सन प्रोग्राम्स विषयक उक्त कोर्स सञ्चालन गरेको थियो।

## इन्डोनेशिया अवलोकन भ्रमण

कर्मचारी सञ्चय कोष, सञ्चालक समितिका सदस्यद्वय किरण कुमार श्रेष्ठ र डिल्ली राज शर्मा तथा का.मु.मु.अ. राजेन्द्र काफ्ले, ना.मु.अ. ओम कृष्ण श्रेष्ठ र प्रवन्धक दिलिप राज पौडेलले २०७४ साउन २४ देखि २६ गते सम्म इन्डोनेशियाको अवलोकन भ्रमण गर्नु भएको छ।

## ट्युरिनको कार्यक्रममा कोषको सहभागीता

इन्टरनेशनल ट्रेनिंग सेन्टर–आईटीसी, इन्टरनेशनल लेवर अर्गनाइजेसनिंग सेन्टर (आइएलओ) इटाली ले गत जुन १२ देखि १६, २०१७ मा इटालीको ट्युरिनमा सञ्चालन गरेको इशा गाइड लाइन अन गुड गवर्नेन्स, इन्वेष्टमेन्ट अफ सोशियल सेक्युरिटी फन्डस एक्टिभिटी र कन्ट्रिव्युसन कलेक्सन एण्ड कम्पलायन्स विषयक कार्यक्रममा कोषको सहभागीता भएको छ।

कोषबाट सो कार्यक्रममा ना.मु.अ. केदारनाथ गौतम, ना.मु.अ. जितेन्द्र धिताल, वरिष्ठ प्रवन्धक अर्जुन कुमार गौतम, का.मु. वरिष्ठ प्रवन्धक शान्ता गौतम र महेन्द्र शाक्य, प्रवन्धक वीरेन्द्र पौडेल र दामोदर सुवेदी र प्रवन्धक (परियोजना विश्लेषण) दर्शन भट्टराई सहभागी हुनु भएको थियो।

मिति २०७३ आश्विन देखि २०७४।५।३० सम्म मूल्यांकन बढुवा, आन्तरिक प्रतियोगितात्मक परीक्षा, ४.१७ क अनुसार बढुवा, नयाँ नियुक्ति, अनिवार्य अवकाश,प्रोत्साही पुरस्कार एवं सेवा पदक पाउने कर्मचारीहरुको नामावली :

## कार्यसम्पादन मूल्यांकनबाट बढुवा हुनुभएका कर्मचारीहरु :

| सि.नं. | पद | नाम थर | बढुवा भएको पद | लागू हुने मिति |
|---|---|---|---|---|
| १ | बरिष्ठ प्रवन्धक | लक्ष्मी प्रसाद श्रेष्ठ | नायव मुख्य अधिकृत | २०७३.१०.०४ |
| २ | प्रवन्धक | टोपा राम पण्डित | बरिष्ठ प्रवन्धक | २०७३.१०.०४ |
| ३ | प्रवन्धक | सुमना स्थापित | बरिष्ठ प्रवन्धक | २०७३.१०.०४ |
| ४ | ब.शा.अ. | रमेश राज पोखेल | प्रवन्धक | २०७३.१०.०४ |
| ५ | ब.शा.अ. | तेज प्रसाद खनाल | प्रवन्धक | २०७३.१०.०४ |
| ६ | शाखा अधिकृत | बाल कुमारी न्यौपाने | ब.शा.अ. | २०७३.१२.१६ |
| ७ | शाखा अधिकृत | रामचन्द्र कंडेल | ब.शा.अ. | २०७३.१२.१६ |
| ८ | शाखा अधिकृत | डिल्लि प्रसाद अधिकारी | ब.शा.अ. | २०७३.१२.१६ |
| ९ | प्रमुख सहायक | उत्तम बहादुर कार्की | शाखा अधिकृत | २०७३.१२.१६ |
| १० | प्रमुख सहायक | मधुकर पाण्डे | शाखा अधिकृत | २०७३.१२.१६ |
| ११ | प्रमुख सहायक | विणा कुमारी श्रेष्ठ(महर्जन) | शाखा अधिकृत | २०७३.१२.१६ |
| १२ | ब.क.स. | टक बहादुर श्रेष्ठ | शा.अ. (कम्प्युटर) | २०७३.१२.१६ |

## आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा हुनुभएका कर्मचारीहरु :

| सि.नं. | पद | नाम थर | बढुवा भएको पद | लागू हुने मिति |
|---|---|---|---|---|
| १ | बरिष्ठ प्रवन्धक | जीवन कुमार कट्वाल | नायव मुख्य अधिकृत | २०७४.३.१८ |
| २ | प्रवन्धक | दामोदर प्रसाद सुवेदी | बरिष्ठ प्रवन्धक | २०७४.३.१८ |
| ३ | ब.शा.अ. | राजेन्द्र लामिछाने | प्रवन्धक | २०७४.३.१८ |
| ४ | ब.शा.अ. | ध्रुव प्रसाद तिवारी | प्रवन्धक | २०७४.३.१८ |
| ५ | शाखा अधिकृत | झलक राज शर्मा | ब.शा.अ. | २०७४.३.१८ |
| ६ | शाखा अधिकृत | ईश्वर प्रधान | ब.शा.अ. | २०७४.३.१८ |
| ७ | शाखा अधिकृत | अरुण कार्की | ब.शा.अ.(वित्त विश्लेषण) | २०७४.३.१८ |
| ८ | शा.अ. (कम्प्युटर) | सुरेश हमाल | ब.शा.अ.(प्रोग्रामर) | २०७४.३.१८ |
| ९ | प्रमुख सहायक | गौरीशंकर मल्लिक | शाखा अधिकृत | २०७४.३.१८ |

## ४.१७ क अनुसार बढुवा हुनुभएका कर्मचारीहरु :

| सि.नं. | पद | नाम थर | बढुवा भएको पद | लागू हुने मिति |
|---|---|---|---|---|
| १ | प्रमुख सहायक | शिव राज पौडेल | शाखा अधिकृत | २०७३.१२.१७ |
| २ | प्रमुख सहायक | रामेश्वर सिग्देल | शाखा अधिकृत | २०७३.१२.१७ |
| ३ | प्रमुख सहायक | ध्रुव प्रसाद हुमागाई | शाखा अधिकृत | २०७३.१२.१७ |
| ४ | प्रमुख सहायक | शिव शंकर मानन्धर | शाखा अधिकृत | २०७३.१२.१७ |
| ५ | प्रमुख सहायक | देव शंकर झा | शाखा अधिकृत | २०७३.१२.१७ |
| ६ | प्रमुख सहायक | उद्धव बहादुर राउत | शाखा अधिकृत | २०७३.१२.१७ |
| ७ | प्रमुख सहायक | गोपाल श्रेष्ठ | शाखा अधिकृत | २०७३.१२.१७ |
| ८ | प्रमुख सहायक | अर्जुन कुमार खड्का | शाखा अधिकृत | २०७३.१२.१७ |
| ९ | प्रमुख सहायक (इलेक्ट्रिसियन) | श्याम गोपाल श्रेष्ठ | शा.अ.(इलेक्ट्रिसियन) | २०७३.१२.१७ |

## अनिवार्य अवकाश हुनुभएका कर्मचारीहरु :

| सि.नं. | पद | नाम थर | अवकाश मिति |
|---|---|---|---|
| १ | का.मु.नायव मुख्य अधिकृत | हिमालय प्रसाद सिवाकोटी | २०७४.०३.२३ |
| २ | शाखा अधिकृत | अर्जुन कुमार खड्का | २०७४.०३.९ |
| ३ | शाखा अधिकृत | मन लक्ष्मी प्रधान | २०७४.०३.२५ |
| ४ | शाखा अधिकृत | ध्रुव प्रसाद दाहाल | २०७४.०३.१३ |
| ५ | शाखा अधिकृत | भवानी श्रेष्ठ (क) | २०७४.०३.११ |
| ६ | नायव मुख्य अधिकृत | दुर्गा प्रसाद सुवेदी | २०७४.०२.१६ |
| ७ | शाखा अधिकृत | जीव नाथ खनाल | २०७४.०१.२४ |
| ८ | बरिष्ठ सुपरीक्षक | दिवाकर खड्का | २०७४.०१.०५ |
| ९ | नायव मुख्य अधिकृत | लक्ष्मी प्रसाद श्रेष्ठ | २०७३.१२.२० |
| १० | बरिष्ठ शाखा अधिकृत | देवराज कार्की | २०७३.१२.१० |
| ११ | शाखा अधिकृत | सुमन विष्ट | २०७३.११.१० |
| १२ | बरिष्ठ सुपरीक्षक | सुवाल लामा | २०७३.११.०४ |
| १३ | शाखा अधिकृत | सनिला सुवेदी (रिमाल) | २०७३.०८.२० |
| १४ | शाखा अधिकृत | दङ्ग ध्वज खोयाहाङ्ग | २०७३.०८.१८ |
| १५ | शाखा अधिकृत | विमला नेपाली | २०७३.०८.०२ |
| १६ | प्रमुख रक्षक | देव बहादुर पुलामी मगर | २०७३.०७.१५ |
| १७ | प्रमुख सहायक | ज्योत्सना देवी श्रेष्ठ (प्रधान) | २०७३.०७.०७ |
| १८ | बरिष्ठ शाखा अधिकृत | श्याम कुमार मल्ल | २०७३.०६.१२ |
| १९ | शाखा अधिकृत | पंफा बस्नेत | २०७३.०६.०५ |
| २० | बरिष्ठ प्रवन्धक | श्रीराम शेखर अधिकारी | २०७४.०४.०१ |
| २१ | शाखा अधिकृत | गुरु प्रसाद अधिकारी | २०७४.०४.१० |
| २२ | का.मु.नायव मुख्य अधिकृत | माधव प्रसाद कोईराला | २०७४.०४.१४ |
| २३ | का.मु.नायव मुख्य अधिकृत | शिव कुमार अर्याल | २०७४.०४.२२ |
| २४ | शाखा अधिकृत | रोशनी कपाली | २०७४.०४.२४ |
| २५ | शाखा अधिकृत | शिवहरि न्यौपाने | २०७४.०४.३० |

## राजिनामा स्वीकृत भएका कर्मचारीहरु :

| सि.नं. | पद | नाम थर | राजिनामा स्वीकृत मिति |
|---|---|---|---|
| १ | प्रमुख सहायक | दीपक पन्थी | २०७३.०८.३० |
| २ | शाखा अधिकृत | लोकेन्द्र ज्ञवाली | २०७३.०७.०७ |
| ३ | प्रमुख सहायक | गोकुल चन्द्र मरासिनी | २०७३.०८.३० |
| ४ | प्रमुख सहायक | सपना लुईटेल | २०७३.०९.०१ |
| ५ | प्रमुख सहायक | सञ्जिला पोखरेल | २०७३.०९.०१ |
| ६ | प्रमुख सहायक | नविन आचार्य | २०७३.०८.२९ |
| ७ | बरिष्ठ कम्प्युटर सहायक | अर्जुनकुमार राउत | २०७३.१०.०९ |
| ८ | प्रमुख सहायक | सागर के.सी | २०७३.०८.२१ |
| ९ | प्रमुख सहायक | हरि बहादुर ओली | २०७३.०८.२१ |
| १० | प्रमुख सहायक | सुनिल गौतम | २०७३.०८.२१ |
| ११ | प्रमुख सहायक | कोमल प्रसाद प्याकुरेल | २०७३.०८.१९ |
| १२ | प्रमुख सहायक | विरेन्द्र प्रसाद यादव | २०७३.०८.१७ |

| सि.नं. | पद | नाम थर | राजिनामा स्वीकृत मिति |
|---|---|---|---|
| १३ | शाखा अधिकृत | वासुदेव रिमाल | २०७३.०९.०१ |
| १४ | शाखा अधिकृत | कृष्ण प्रसाद दाहाल | २०७४.०१.०५ |
| १५ | प्रमुख सहायक | रविन्द्र राजभण्डारी | २०७४.०३.११ |

## नयाँ नियुक्ति भएका कर्मचारीहरु :

| सि.नं. | पद | नाम थर | नियुक्ति मिति | | |
|---|---|---|---|---|---|
| १ | चार्टर्ड एकाउन्टेन्ट | ठाकुर जंग थापा | २०७३ | ७ | २३ |
| २ | शाखा अधिकृत | रमा कार्की | २०७३ | ७ | २३ |
| ३ | शाखा अधिकृत | अशोक रायमाझी | २०७३ | ७ | २३ |
| ४ | शाखा अधिकृत | कृष्ण प्रसाद अधिकारी | २०७३ | ७ | २३ |
| ५ | शाखा अधिकृत | विकास भट्टराई | २०७३ | ७ | २३ |
| ६ | शाखा अधिकृत | बसन्त प्रसाद न्यौपाने | २०७३ | ७ | २३ |
| ७ | शाखा अधिकृत | रुकमणी ठकुरी | २०७३ | ७ | २३ |
| ८ | शाखा अधिकृत | कुशुम लामा योञ्जन | २०७३ | ७ | २३ |
| ९ | प्रमुख सहायक | लोकेन्द्र पौडेल | २०७३ | ७ | २३ |
| १० | प्रमुख सहायक | लक्ष्मण पौडेल | २०७३ | ७ | २३ |
| ११ | प्रमुख सहायक | नविन आचार्य | २०७३ | ७ | २३ |
| १२ | प्रमुख सहायक | सन्तोष सुवेदी | २०७३ | ७ | २३ |
| १३ | प्रमुख सहायक | सागर के.सी. | २०७३ | ७ | २३ |
| १४ | प्रमुख सहायक | दुर्गा प्रसाद ज्ञवाली | २०७३ | ७ | २३ |
| १५ | प्रमुख सहायक | गोकुल चन्द्र मरासिनी | २०७३ | ७ | २३ |
| १६ | प्रमुख सहायक | सरोज बस्नेत | २०७३ | ७ | २३ |
| १७ | प्रमुख सहायक | तुलसी अधिकारी | २०७३ | ७ | २३ |
| १८ | प्रमुख सहायक | नमराज विष्ट | २०७३ | ७ | २३ |
| १९ | प्रमुख सहायक | विश्वराज भण्डारी | २०७३ | ७ | २३ |
| २० | प्रमुख सहायक | हरि वहादुर ओली | २०७३ | ७ | २३ |
| २१ | प्रमुख सहायक | अर्जुन सुवेदी | २०७३ | ७ | २३ |
| २२ | प्रमुख सहायक | मोहन प्रसाद ढउन्या | २०७३ | ७ | २३ |
| २३ | प्रमुख सहायक | टिकानिधि दनै | २०७३ | ७ | २३ |
| २४ | प्रमुख सहायक | सुनिल गौतम | २०७३ | ७ | २३ |
| २५ | प्रमुख सहायक | श्याम पौडेल | २०७३ | ७ | २३ |
| २६ | प्रमुख सहायक | धनीराम आचार्य | २०७३ | ७ | २३ |
| २७ | प्रमुख सहायक | कोमल प्रसाद प्याकुरेल | २०७३ | ७ | २३ |
| २८ | प्रमुख सहायक | सन्तोष आचार्य | २०७३ | ७ | २३ |
| २९ | प्रमुख सहायक | विष्णु प्रसाद रेग्मी | २०७३ | ७ | २३ |
| ३० | प्रमुख सहायक | सञ्जिला पोखरेल | २०७३ | ७ | २३ |
| ३१ | प्रमुख सहायक | सुप्रभा लुईटेल | २०७३ | ७ | २३ |
| ३२ | प्रमुख सहायक | सपना लुईटेल | २०७३ | ७ | २३ |
| ३३ | प्रमुख सहायक | करुणा कुमारी खतिवडा | २०७३ | ७ | २३ |
| ३४ | प्रमुख सहायक | अजिता खतिवडा | २०७३ | ७ | २३ |
| ३५ | प्रमुख सहायक | अनिता श्रेष्ठ | २०७३ | ७ | २३ |
| ३६ | प्रमुख सहायक | धनमाया खड्का (थापा) | २०७३ | ७ | २३ |
| ३७ | प्रमुख सहायक | दुर्गा बस्नेत | २०७३ | ७ | २३ |
| ३८ | प्रमुख सहायक | नगेन्द्र पुलामी मगर | २०७३ | ७ | २३ |
| ३९ | प्रमुख सहायक | श्याम लाल श्रेष्ठ | २०७३ | ७ | २३ |
| ४० | प्रमुख सहायक | रविन्द्र राजभण्डारी | २०७३ | ७ | २३ |
| ४१ | प्रमुख सहायक | कृष्ण बहादुर श्रेष्ठ | २०७३ | ७ | २३ |
| ४२ | प्रमुख सहायक | सुरेन्द्र प्रसाद चौधरी | २०७३ | ७ | २३ |
| ४३ | प्रमुख सहायक | सुरेन्द्र कुमार यादव | २०७३ | ७ | २३ |
| ४४ | प्रमुख सहायक | विरेन्द्र प्रसाद यादव | २०७३ | ७ | २३ |
| ४५ | प्रमुख सहायक | विवेकानन्द झा | २०७३ | ७ | २३ |
| ४६ | प्रमुख सहायक | राम बृक्ष साह कानु | २०७३ | ७ | २३ |
| ४७ | प्रमुख सहायक | माया नेपाली | २०७३ | ७ | २३ |
| ४८ | प्रमुख सहायक | बेल प्रसाद पन्थी | २०७३ | ७ | २३ |
| ४९ | प्रमुख सहायक | नविन सिंह रावल | २०७३ | ७ | २३ |
| ५० | बरिष्ठ कम्प्युटर सहायक | अर्जुन कुमार राउत | २०७३ | ७ | २३ |
| ५१ | बरिष्ठ कम्प्युटर सहायक | रामशरण थापा | २०७३ | ७ | २३ |
| ५२ | बरिष्ठ कम्प्युटर सहायक | माला खड्का | २०७३ | ७ | २३ |
| ५३ | प्रमुख सहायक | योगिता भट्टराई | २०७३ | ७ | २६ |
| ५४ | प्रमुख सहायक | छोवाङ हिस्से तामाङ | २०७३ | ७ | २६ |

## प्रोत्साही पुरस्कार (तलबवृद्धि) पाउने कर्मचारीहरु :

| क्र.सं. | पद | नाम थर | ग्रेड संख्या | ग्रेड लागू मिति |
|---|---|---|---|---|
| १ | ब.प्र. | श्री दुर्गा प्रसाद सापकोटा | ३ | २०७३ श्रावण |
| २ | ब.शा.अ. | श्री श्याम कुमार मल्ल | २ | २०७३ भाद्र |
| ३ | शा.अ. | श्री दङ्गध्वज खोयाहाङ्ग | २ | २०७३ कार्तिक |
| ४ | का.मु.ना.मु.अ. | श्री हिमालय प्रसाद शिवाकोटी | १ | २०७४ जेष्ठ |
| ५ | ब.प्र. | श्री श्रीराम शेखर अधिकारी | २ | २०७४ आषाढ |
| ६ | का.मु.ना.मु.अ. | श्री माधव प्रसाद कोईराला | १ | २०७४ श्रावण |
| ७ | का.मु.ना.मु.अ. | श्री शिव कुमार अर्याल | १ | २०७४ श्रावण |
| ८ | ब.शा.अ. | श्री निरञ्जन कुमार भट्टराई | ३ | २०७४ भाद्र |
| ९ | शा.अ. | श्री टिका बहादुर कार्की | २ | २०७४ भाद्र |
| १० | प्र.स. | श्री राजु बज्राचार्य | २ | २०७४ भाद्र |
| ११ | ब.सु. | श्री चक्र बहादुर महर्जन | २ | २०७४ भाद्र |
| १२ | ब.सु. | श्री केशव खतिवडा | २ | २०७४ भाद्र |
| १३ | ब.सु. | श्री कटक बहादुर मगर | २ | २०७४ भाद्र |

## २५ वर्षे सेवा पदक पाउने कर्मचारी

| सि.नं. | पद | नाम थर | नियुक्ति मिति | | |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | रविनाथ पौडेल | २०४८ | ०९ | १९ |
| २ | बरिष्ठ सुपरीक्षक | बैकुण्ठ प्रसाद अर्याल | २०४८ | ११ | ०१ |
| ३ | बरिष्ठ सुपरीक्षक | पुर्ण बहादुर याखा | २०४८ | ११ | ०१ |
| ४ | मेत्तर | तिर्थ माया पोडे | २०४८ | ११ | ०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | बरिष्ठ सुपरीक्षक | लोकनाथ चौलागाई | २०४९ | ०२ | ११ |
| ६ | बरिष्ठ सुपरीक्षक | रघुनाथ थापा | २०४९ | ०२ | ११ |

### २०७३ सालको एस.ई.ई दिने कर्मचारीको छोरा

| सि.न. | दर्जा | कर्मचारीको नामथर | छोरा नामथर | जिपिए |
|---|---|---|---|---|
| १ | ब.शा.अ. (कानून) | डम्बर बहादुर खड्का | शैलेश खड्का | ३.७५ |
| २ | ब.शा.अ. | दीपक मणि रिसाल | शाश्वत मणि रिसाल | ३.७० |
| ३ | सहायक इन्जिनीयर | दधिराज घिमिरे | गौरव घिमिरे | ३.६५ |
| ४ | प्रबन्धक | वीरेन्द्र पौडेल | विभाष पौडेल | ३.६० |
| ५ | ब.शा.अ. | रामचन्द्र पोखरेल | समिर पोखरेल | ३.६० |
| ६ | प्रबन्धक | रमेशराज पोखरेल | आर्यन राज पोखरेल | ३.३० |
| ७ | प्रबन्धक | दिपकुमार विष्ट | शयन विष्ट | ३.१५ |

### २०७३ सालको एस.ई.इ दिने कर्मचारीको छोरी

| सि.न. | दर्जा | कर्मचारीको नामथर | छोरी नामथर | जिपिए |
|---|---|---|---|---|
| १ | ब.शा.अ. | डिल्लीप्रसाद अधिकारी | दिपीका अधिकारी | ३.७५ |
| २ | का.मु व.प्र | शान्ता गौतम | श्रुति गौतम | ३.६५ |
| ३ | प्रबन्धक | तेज प्रसाद खनाल | अदिति खनाल | ३.६० |
| ४ | शाखा अधिकृत (कम्प्यूटर) | टक बहादुर श्रेष्ठ | आयुक्ता श्रेष्ठ | ३.५५ |
| ५ | प्रमुख सहायक | उत्तम घिमिरे | दिव्या घिमिरे | ३.५० |
| ६ | प्रमुख सहायक | विष्णु प्रसाद रेग्मी | रोजी रेग्मी | ३.५० |
| ७ | शाखा अधिकृत | लिली दाहाल अर्याल | पुष्पाञ्जली दाहाल | ३.४५ |
| ८ | प्रमुख सहायक | जमुना देवी पण्डित | श्रेया रेग्मी | ३.३५ |
| ९ | प्रमुख सहायक | भवानी श्रेष्ठ | रिया श्रेष्ठ | ३.३५ |
| १० | शाखा अधिकृत | निरञ्जन कुमार शर्मा | निष्ठा नेपाल | ३.०५ |

# ५६ वर्ष प्रवेशको अवसरमा खेलकुद प्रतियोगिता सञ्चालन

कोषको ५६ औं वर्ष प्रवेशलाई भव्य रुपमा मनाउने क्रममा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद प्रतियोगिताहरु सम्पन्न भएका छन् । खेलकुद समितिको आयोजनामा तथा समन्वयमा २०७३ भाद्र २२ देखि शुरु भएको खेलकुदका कार्यक्रमहरु भाद्र २८ सम्म सञ्चालन भएका थिए।



कोषको वार्षिक उत्सवलाई भव्यताका साथ मनाउने कार्यक्रम अन्तर्गत खेलकुदका कार्यक्रम आयोजना भएका थिए । कोषमा कार्यरत कर्मचारीहरुबीच आपसी सम्बन्ध एवं सहकार्यको भावना अभिवृद्धि गर्नु प्रतियोगिताको उद्देश्य थियो । प्रतियोगितामा हाजीरी जवाफ, दौड, टवलटेनिस, फुटसल लगायतका खेलहरु समावेश भएका थिए। साथै कविता वाचन तथा नाट्य प्रस्तुतिकरण पनि प्रतियोगिताको विशेष आकर्षणको रुपमा रहेका थिए।



खेलहरु पुल्चोक एवं ठमेलस्थित कोषको कार्यालय परिसर तथा शाखा कार्यालयहरुमा सञ्चालन गरिएको थियो । विभिन्न चरणका खेलमा महिला, पुरुष एव भेट्रान समूहमा खेलाडीहरुको उल्लेखनीय सहभागिता रहेको थियो।

कोषको वार्षिकोत्सवको अवसरमा विजयी खेलाडीहरुलाई प्रमाणपत्र सहित पुरस्कृत गरियो।

# नेपाल वित्तीय सस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोष

नेपाल वित्तीय सस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोषले गत आर्थिक वर्ष २०७३/०७४ मा विभिन्न कार्यक्रमहरुको आयोजना गरेको छ । सम्पन्न कार्यक्रमहरुबाट कोषमा कार्यरत कर्मचारीहरु लाभान्वित हुनुका साथै संघको सगठनात्मक गतिविधिमा समेत क्षमता अभिवृद्धि भएको संघले जनाएको छ :



- नियमित वृत्ति विकास, तालिम, अन्तर्क्रिया, नेतृत्व विकास तथा मानव संसाधन विकासमा टेवा पुऱ्याउने हेतुले यस संघसँग आवद्ध सदस्यहरुलाई विभिन्न कार्यक्रममा सहभागी गराउँदै आएको छ ।
- २०७३ असोज १८ मा तत्कालिन शहरी विकास मन्त्री माननीय अर्जुन नरसिंह के.सी.को प्रमुख आतिथ्यतामा विजया दशमी लगायत समग्र चाडपर्वको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको ।
- कोषमा क्रियाशील तीनवटै युनियनहरुद्वारा नव प्रवेशी साथीहरुलाई संयुक्त रुपमा स्वागत कार्यक्रम सञ्चालन गरिएको र धितोपत्र बोर्डको नियमावली संशोधनबाट कोषका कर्मचारीहरुलाई कोषको लगानीमा सञ्चालित जलविद्युत कम्पनीको शेयर प्राप्त गर्ने विषयमा प्रतिकुल प्रावधान संशोधन गर्न संघले विशेष पहल गरेको ।
- कोषको ठमेलस्थित कार्यालयमा मिति २०७३ मंसिर ३ गते संयुक्त रक्तदान कार्यक्रम सञ्चालन गरिएको ।
- नेपाली कांग्रेसका केन्द्रीय सदस्य माननीय **बद्री पाण्डे** र राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष **डा. गोविन्द पोखरेलको** समुपस्थितिमा २०७३ पौष २२ मा PROVIDENT FUND FOR ALL AND FOR FOREVER भन्ने नारालाई उजागर गर्दै कोष ऐनको नवौं संसोधनको सन्दर्भमा कोषको भावी कार्यदिशा र ट्रेड युनियनको भूमिका विषयक **विचार गोष्ठी** सम्पन्न गरिएको ।
- यस संघको २७ औं स्थापना दिवस FIEUN DAY (चैत्र २२) को अवसरमा युवा समितिको अग्रसरतामा २०७३ चैत्र १६ र १७ गते **हाजिरी जवाफ प्रतियोगिता** सम्पन्न गरिएको तथा २०७३ चैत्र २२ मा यस संघ र बी.पी. स्मृति सामुदायिक अस्पतालको संयुक्त आयोजनामा तत्कालिन स्वास्थ्य मन्त्री माननीय गगन थापाज्यूको प्रमुख आतिथ्यतामा **स्वास्थ्य शिविर** सञ्चालन गरिएको एवं यस संघको पूर्व सदस्य स्वर्गीय दिपक रोक्काको छोरा दिव्य रोक्कालाई **शैक्षिक छात्रवृत्ति** प्रदान गर्ने कार्यलाई निरन्तरता दिईएको ।
- कोषमा क्रियाशील तीनवटै युनियनसँगको सहकार्यमा सेवा करारमा बुटवलमा कार्यरत स्व. ओम प्रकाश हेलाको परिवारलाई सहयोगको लागि हस्ताक्षर संकलन गरी आर्थिक सहायत रकम प्रदान गर्ने व्यवस्था मिलाइएको ।
- नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्व अर्थमन्त्री **डा. रामशरण महत**को प्रमुख आतिथ्यतामा भक्तपुरको नगरकोटमा यस संघको **१४ औं केन्द्रीय सभा** सञ्चालन गरी सो सभाद्वारा पारित सस्थागत सुधार एवं कर्मचारी सेवा सुविधा सम्बन्धी प्रस्ताव सार्वजनिक गरिएको ।



# नेपाल राष्ट्रिय कर्मचारी संगठन, कर्मचारी सञ्चय कोष

वि.सं. २०६४ मा गठन भएको नेपाल राष्ट्रिय कर्मचारी संगठनले प्रभावकारी जनसेवा र पेशागत अधिकार सुनिश्चितताको एजेन्डालाई अगाडि बढाउँदै आएको छ । स्थापनाकालदेखि नै सिर्जनात्मक कार्यक्रम मार्फत आफुलाई क्रियाशील तुल्याउँदै आएको यो संगठनले यसबर्ष सञ्चालन गरेका केही गतिविधिहरु :

१. २०७३ साल माघ १८ गते ठमेल स्थित कोषको कार्यालयमा नेपाल राष्ट्रिय कर्मचारी संगठन कर्मचारी सञ्चय कोषको १० औं बाषिकोत्सब भव्यतापुर्वक सम्पन्न गरिएको ।
२. कोषका कर्मचारीहरु बिच कविता तथा निबन्ध प्रतियोगिता सम्पन्न गरिएको ।
३. कोषको लामो समय सेवा गर्ने कर्मचारीहरुलाई दिर्घ सेवा पदकबाट सम्मान गरिएको ।
४. सेवा निवृत कर्मचारीहरुलाई निको फण्डबाट नगद पुरस्कार सहित सन्मान



५. सेवा करारमा कार्यरत कर्मचारी मध्ये उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई नगद पुरस्कारबाट सम्मान गरिएको
६. कोषको ठमेल स्थित कार्यलयमा वाइ फाइ सेवा प्रदान गरिरहेको ।
७. शाखा कार्यालयहरुको अवलोकन भ्रमण गरि कोष व्यवस्थापनमा प्रतिवेदन बुझाइएको ।
८. कोष र कोषका कर्मचारीहरुको हितमा सदैब लागि परिरहेको ।

## कर्मचारी सञ्चय कोषबाट प्रदान गरिने सापटी सुविधा

### विशेष सापटी सुविधा (९० प्रतिशत)



सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई पूरा गर्न विना धितो प्राप्त गर्न सकिने विशेष सापटी कार्यक्रम कोषद्वारा २०५७ साल देखि शुरु गरिएको हो ।

- सञ्चय कोष रकमको सुरक्षणमा ९० प्रतिशतसम्म सापटीको रुपमा लिन सकिने।
- विशेष सापटी लिएका सञ्चयकर्ताले प्रत्येक वर्ष पुनः सापटी लिन सक्ने ।
- सापटी चुक्ता गरेमा जुनसुकै समयमा पनि पुनः लिन पाउने सुविधा रहेको।
- नियमित रुपमा कम्तिमा २ (दुई) वर्ष कोषकट्टी गरेको हुनुपर्ने ।
- विशेष सापटी सुविधा कोषको सबै कार्यालयहरु र सेवा केन्द्रहरुबाट सरल र सहज रुपमा लिन सकिने छ ।

### सञ्चयकर्ता घरसापटी कार्यक्रम



सञ्चयकर्तालाई नयाँ घर निर्माण गर्न, भइरहेको घरमा तला थप गर्न वा घर खरिद गर्न यो सापटी प्रदान गरिन्छ ।

सापटी प्राप्त गर्न सकिने अवस्था :

- कम्तिमा १ वर्षसम्म नियमित कोष कट्टी भएका सञ्चयकर्ताहरुको लागि ।
- उमेरको वा पदावधिको आधारमा दुई बर्ष सेवाअवधि वाँकी भएका सञ्चयकर्ताहरुको लागि ।
- बढीमा १५ (पन्ध्र) वर्ष को तलब बराबर रकम सापटी स्वरुप प्राप्त गर्न सकिने ।
- सापटीको अधिकतम सीमा रु १ ( एक) करोड ।
- कोषले निर्धारण गरेका क्षेत्रमा आफ्नै वा श्रीमान/श्रीमतीको नामको जग्गा धितो राख्न सकिने ।

### सञ्चयकर्ता शैक्षिक ऋण



सञ्चयकर्ता स्वयं वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीले जुनसुकै विषयमा स्वदेश वा विदेशमा उच्च शिक्षा हासिल गर्न सापटीस्वरुप रु. २५ लाखसम्म प्राप्त गर्न सक्नेछन् ।

- कम्तिमा १ बर्षसम्म नियमित कोषकट्टी भएका एवं उमेर वा पदावधिको आधारमा २ बर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्ताहरुले प्राप्त गर्न सक्ने ।
- पति र पत्नी दुवै सञ्चयकर्ता भए एउटै धितो मूल्यांकनले खाम्ने अवस्थामा दुई जना सम्मको अध्ययनका लागि अलग अलग शैक्षिक ऋण प्रवाह हुन सक्ने ।
- सरल चक्र कर्जा नलिएको वा सो कर्जा चुक्ता गरिसकेको वा घर सापटी लिएका सञ्चयकर्ताहरुले सो घर सापटीको किस्ता नियमित गरेमा पनि शैक्षिक सापटी प्राप्त गर्न सक्ने ।

### सञ्चयकर्ता सरल चक्रकर्जा

- कम्तिमा १ वर्षसम्म नियमित कोषकट्टी भएका तथा उमेर वा पदावधिको आधारमा २ वर्ष सेवा अबधि बाँकी भएका सञ्चयकर्ताले प्राप्त गर्न सक्ने ।
- कुनै सञ्चयकर्ताले एकपटक लिएको सरल चक्र कर्जा निर्धारित अवधि भित्र वा सो भन्दा अगावै चुक्ता गरेमा पुनः सरल कर्जा प्राप्त हुन सक्ने ।
- घर सापटी र शैक्षिक सापटी लिएका सञ्चयकर्ताले उक्त सापटी चुक्ता गरेमा सरल चक्रकर्जा लिन सक्ने ।
- अधिकतम सीमा रु. ३० लाख र न्यूनतम सीमा रु. ५ लाख प्राप्त हुनेछ तर १ पटकमा रु. १ लाख भन्दा कम भुक्तानी हुने छैन ।

### घर मर्मत सापटी

- भूकम्प तथा अन्य किसिमका प्राकृतिक प्रकोपबाट प्रभावित सञ्चयकर्ताहरुका लागि सहुलियत रुपमा घर मर्मत सापटी प्रदान गर्नु, सञ्चयकर्ताहरुको घर मर्मतको आवश्यकता



- पूर्तिका लागि सापटीको व्यवस्था गर्न' तथा संकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमबाट सञ्चयकर्ताको हितमा परिचालन गर्न' घर मर्मत सापटीको मुख्य उद्देश्य रहेको छ ।
- कम्तिमा १ वर्ष नियमित कोषकट्टी गरेका सञ्चयकर्तालाई अधिकतम ५ वर्षको तलबमान बराबर वा २५ लाख मध्ये जुन कम हुन्छ सो रकम प्रदान गरिने छ । घर सापटी लिएका सञ्चयकर्ताले पनि लिन पाउने यो सापटी २०७२ साल वैशाख १२ र त्यसपछिको विनाशकारी भूकम्प/पराकम्पबाट क्षति भएको घर सबलीकरण गर्न वा घर मर्मत गर्न वा सो भवन भत्काई सोही जग्गामा नयाँ घर निर्माण गर्न वा पुरानो र सबलीकरण गर्न घर मर्मत सापटी लिने सञ्चयकर्तालाई घर मर्मत सापटीको प्रचलित व्याज दरमा एक प्रतिशत छुट गरिने व्यवस्था गरिएको छ ।

## कर्मचारी सञ्चय कोष स्थापनाको ५६ औं वर्ष प्रवेशको सुखद अवसरमा समस्त सञ्चयकर्ताको सन्तुष्टि प्रति दृढ संकल्प सहित कोषले प्रदान गर्ने सेवा र सुविधालाई थप प्रभावकारी बनाउने प्रण गर्दछौं ।

१. **सञ्चयकर्ता संख्या : ५ लाख ५० हजार**

२. **कोषकट्टी गरी पठाउने कार्यालय संख्या : ३० हजार**

३. **कोषका कार्यालयहरु :**
- केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
- ठमेल कार्यालय (Operation Office): (सञ्चय कोषकट्टी रकमको लेखांकन र सञ्चयकर्ता सापटी र कर्जा प्रदान हुने कार्यालय)
- शाखा कार्यालयहरु :धनकुटा, विराटनगर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी
- सेवा केन्द्रः सिंहदरवार, काठमाडौं र केन्द्रीय कार्यालय पुल्चोक ,ललितपुर

४. **कोषको वित्तीय अवस्था (२०७४ आषाढ मसान्त सम्मको लेखापरीक्षण सम्पन्न हुन बाँकी) :**

सञ्चय कोष :रु.२ खर्व ४५ अर्व २७ करोड | जगेडा कोष : रु.६ अर्व २८ करोड | अन्य दायित्व तथा व्यवस्था :रु.२ अर्व ४८ करोड

कुल लगानी : रु.२ खर्व ४३ अर्व ५२ करोड | अनुमानित बचत : १ अर्व ६५ करोड

५. **कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरु :**

(क) सञ्चित रकमा व्याज प्रदान : हालको व्याजदर ८.०० प्रतिशत

(ख) मुनाफाः ०.६५ प्रतिशत (आर्थिक वर्ष २०७२/७३ को सञ्चय कोष शुरु मौज्दातमा प्रदान गरी सञ्चयकोष, विद्युत प्राधिकरण, विद्युत उत्पादन कं बाट प्रवद्धित बेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपावर कं. लि. मा सञ्चयकर्ताहरुको ४० प्रतिशत शेयर लगानी गर्ने उद्देश्यले छुट्टै राखिएको)

(ग) सापटी सुविधाहरु :
- विशेष सापटी : कोषकट्टी खातामा जम्मा भएको रकमको ९० प्रतिशत सम्म,
- घर सापटी : घर निर्माण गर्न वा घर खरिद गर्न घर जग्गाको धितोमा अधिकतम १५ वर्षको तलब वा बढीमा रु.१ करोड
- शैक्षिक ऋण : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतमरु. रु.१० लाख र विदेशका लागि अधिकतम रु.२० लाखसम्म र एम.बी.बी.एस./एम.डी. को लागि रु.२५ लाख सम्म,
- सञ्चयकर्ता सरल चक्रकर्जा : घर जग्गाको धितोमा न्यूनतम रु.५ लाख र अधिकतम रु.३० लाख,
- घर मर्मत सापटीः घर मर्मत गर्न घर जग्गाको धितोमा अधिकतम ५ वर्षको तलब वा बढीमा रु.२५ लाख।

(घ) सामाजिक सुरक्षा सुविधाहरु :
- दुर्घटना क्षतिपूर्ति योजना : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा रु.१ लाख २५ हजार,
- काजकिरिया अनुदान योजना : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.३० हजार,
- सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम :साधारण उपचारमा रु.२५ हजार र कडा रोगको उपचारमा रु.५० हजार सम्म,
- सुत्केरी तथा शिशु स्याहार सुविधा : प्रति प्रसुति रु.७ हजार ५ सय का दरले बढीमा दुई पटकमा रु.१५ हजार।

(ङ) अन्य सुविधा :
- कोषले ऋण लगानी गरेका कम्पनीहरुको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराइएको (अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा शेयर प्रदान भई सकेको र चिलिमे जलविद्युत आयोजनाबाट प्रवर्द्धित ३ परियोजनामा शेयर प्रदान गर्ने प्रकृयामा रहेको। साथै कर्मचारी सञ्चय कोष, विद्युत प्राधिकरण, विद्युत उत्पादन कं बाट प्रवद्धित बेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपावर कं. लि. मा सञ्चयकर्ताहरुको ४० प्रतिशत शेयर लगानी गर्ने गरी कम्पनीको स्थापना गरिएको।

६. **कोषको प्रतिबद्धता :**
- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालन,को माध्यमबाट कार्यकुशलता अभिबुद्धि गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय तथा प्रभावकारी सेवा प्रदान गरी सञ्चयकर्तालाई सन्तुष्ट पार्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तारगरी सामाजिक सुरक्षाको क्षेत्रमा कोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवं उच्च मनोवलयुक्त कर्मचारीहरुको सहकार्य र सरोकारवालाहरुको सामूहिक प्रयासबाट कोषलाई उत्कृष्ट सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने ।

७. **कोषको भावी कार्यकम**
- योगदानमा आधारित निवृतिभरण योजना,
- बेतन कर्णाली सञ्चयकर्ता हाईड्रो पावर योजना निर्माण,
- बैदेशिक रोजगारीमा रहेका नेपाली कर्मचारी/कामदारको सञ्चय कोष योजना,
- योगदानमा आधारित वृहत सामाजिक सुरक्षा योजना,
- असंगठित तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि सञ्चय कोष योजना।

**सम्पादन मण्डल**

विभागीय प्रमुख श्री राजाराम श्रेष्ठ
वरिष्ठ प्रबन्धक श्री दामोदर सुवेदी
प्रबन्धक श्री बीरेन्द्र पौडेल
शाखा अधिकृत श्री ओजस्वी गौतम
शाखा अधिकृत श्री राजेन्द्र विक्रम केसी (विशेष सहयोग)

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
**Website:** www.epfnepal.com.np
**Email :** planning@epfnepal.com.np